# अध्याय एक

# परिचय

## १.१ अध्ययन पृष्ठभूमि

सहकारी सामाजिक जीवन पद्धतिका पक्षमा परापुर्वदेखि नै अस्तित्वमा रहँदै आए पनि २०१० सालमा सहकारी विभागको स्थापना भएपछि राज्यको औपचारिक कार्यसूचीमा रहेको पाइन्छ । वि.सं. २०१३सालमा चितवन जिल्लामा बखान ऋण समिति समेतका १३ वटा प्रारम्भिक संस्थाहरू स्थापना भएका थिए । राप्तीद्वन विकास परियोजना अन्तर्गत तत्कालिन अवस्थामा बाढि पिडित कृषकहरूलाई पुर्नबास गराउने र कृषि ऋणको व्यवस्था गरी राहत उपलब्ध गराउने उद्देश्यले चितवन जिल्लामा खोलिएका सहकारी संस्थाहरूको कामबाट शिक्षा लिएर नेपाल सरकारबाट देशभर सहकारी संस्थाहरू खोल्ने निर्णय गरियो । (मैनाली, २०७५)

सहकारी संस्था सदस्यहरूको समान चाहना पुर्ति गर्ने उद्देश्यले स्थापना भएका हुन्छन् । आफ्ना उद्देश्यतर्फ निरन्तरता लागेका संस्था नै असल र सफल सहकारीको रूपमा स्थापित हुन्छ । प्रारम्भिक रूपमा सहकारी संस्था आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक हित प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएका हुन्छन् । असल र सफल सहकारीले आफ्नो संस्थागत तथा शेयर सदस्यहरूको हितका लागि सहकारीताका सहि कार्यशैलीलाई आत्मसाथ गर्दै सदस्यहरूलाई सेवा दिन खोज्दछन् । सदस्यको चाहना र आवश्यकताको उचित कदर गर्दै सहकारी व्यवसाय सञ्चालन गर्ने उद्देश्यले स्थापना हुने भएकाले आफ्ना सदस्यहरूको चाहना बमोजिमको व्यवसाय सञ्चालन गरेका हुन्छन् । सदस्यद्वारा उत्पादित वस्तुहरूको बजार व्यवस्थापन गर्ने देखिसदस्यलाई आवश्यक वस्तु उपलब्ध गराउने, ऋण उपलब्ध गराउने, आवश्यक उपभोग्य वस्तुहरू सस्तो सरल र सुलभ रूपमा उपलब्ध गराउन सक्नु नै असल सहकारी बन्नु हो (न्यौपाने, २०७३) ।

सहकारीले सर्वसाधारणको पहुँचमा पुग्ने गरी आफ्ना कार्यनीति तय गर्नुपर्छ । टोलटोलमा छरिएकोसाना-साना पुँजीलाई घरेलु व्यवसायमा लगानी गराउन,सदस्यहरूमा बचत गर्ने बानीको विकास गराउन सहकारीता सरल र भरपर्दो माध्यम हो । सहकारी मार्फत् विभिन्न कार्यक्रमहरू संचालन गरी सदस्यहरूमा चेतना फैलाउनु, कृषि उत्पादनमा

जोड दिने कार्यक्रमहरू, उत्पादित कृषि उपजहरूको उचित बजार व्यवस्थापन, कृषि जन्य औजारहरूको सहज वितरण, कृषिजन्य उत्पादन व्यवसायमा कर छुटको व्यवस्था गराउन सक्नुपर्छ । पशुपालन, कृषि उत्पादन, तरकारी, फलफूल, जडीबुटी जस्ता क्षेत्रमा सहकारीले लगानी गर्न सकेमा बेरोजगारीले रोजगार पाउने तथा आत्मनिर्भर बन्ने थिए (खरेल, २०७३) ।

नेपाल जस्तो विकासशील मुलुकको लागि सहकारी एक जीवनजल बनेको छ । जसले साना-साना समस्याको समाधान गर्दै समूहमा रहेर कार्य गर्ने, विशेषगरी महिलाहरूमा यसले ठुलै क्रान्ति ल्याउँदैछ । आफुसँग कुनै कार्य गर्नका लागि लगानी नभएर हात बाँधेर बसेका महिलाहरू, हामीले के गर्न सक्छौ भन्नेहरू, आर्थिक आय आर्जन त पुरुष वर्गले गर्ने हो हामीले कहाँ गर्न सक्छौँ भन्नेहरू, पुरुषले कमाएर दिएको खाने हो, उनीहरूको कमाइमा बाँच्ने हो, दासीका रूपमा ठान्नेहरू, श्रीमानको सौन्दर्यको प्रतिकको रूपमा मात्र र घरपरिवारको घेरामा मात्र सीमित रहने महिलाहरू, बिरामी पर्दा पैसाको अभावमा उपचार गर्न नपाएर आफ्ना परिवारका सदस्यहरू गुमाएकाहरू, आज सहकारीको माध्यमबाट एक/एक रूपैँया जम्मा गरी सहकारी समूह बनाएर सञ्चालन गर्दै आफ्नो आयआर्जनमा वृद्धि गरेको, अरुको भर पर्ने होइन आफ्नो लागि आफै गर्न सकिन्छ भन्ने भावना विकास भएको र त्यसरी नै कार्य गरिरहेको पाइन्छ । जुन सहकारीको देन हो । यसले यसरी नै गति लिएको खण्डमा यो देश पनि छिट्टै समृद्धशाली बन्न पुग्नेछ यदि देशमा राजनीतिक स्थिरता र प्रतिवद्धता भएको खण्डमा (पौडेल, २०५६) ।

नेपालमा सहकारीको विकास भए लगतै विशेषगरी दिगो विकास हासिल गर्न र गरिबी हटाउन, गरिब जनताहरू र विशेष गरी महिलाहरूको सशक्तिकरण गर्दै तिनको स्वनियन्त्रण र आत्मा निर्भरताका लागि एक माध्यम भएको छ । लगानीमा उचित पहुँच, संरक्षित र भरपर्दो बचत तथा बिमा सेवाहरू उपलब्ध गराएर लघु व्यवसाय शुरु गर्न संसारभर बित्तिय सेवाको माध्यमबाट महिलाहरू सक्षम भएका छन् । जसले तिनका बच्चाहरू स्कुल पढाउन, स्वास्थ्य हेरचाहमा पहुँच र घरबासका लागि तिनका परिवारलाई सक्षम तुल्याउँदै जीवनस्तर सुधार गर्न मद्दत गरेका छन् (भट्टराई, २०६६) ।

सशक्तिकरण मानवीय उत्थान गर्ने एक अवधारणा हो । यसले समाजमा शोषिएर र दबिएर रहेका वर्गको उत्थान गरी दमन र शोषणमा परेका व्यक्तिहरूलाई शोषित नहुनको लागि प्रोत्साहन गर्दछ । यसले मानिसमा सचेतना तथा जागरण ल्याई समाजमा रहेका

परम्परागत रुढीवादी, अन्धविश्वास हटाउन र विकासमुलक कार्यमा सहभागी गराई अगाडि बढ्न प्रोत्साहन गर्दछ । महिलाहरूको विकास भएमा परिवार एवम् समाजको विकास हुन्छ भन्ने धारणालाई ध्यानमा राख्दै अघि बढाएको एउटा अवधारणा महिला सशक्तिकरण हो( तिमिल्सिना, २०७४) ।

सशक्तिकरण समानता र न्यायमा आधारित समाजको सृजना प्रक्रिया हो । महिला र पुरुष बिचमा देखिएको विभेद हटाउने एक अवधारण पनि सशक्तिकरण नै हो । सशक्तिकरण भित्र नै शक्तिशब्द अन्तर्निहित भएकाले शक्तिको बारेमा अध्ययन गर्दछ । यसले समाजमा भएका असमान सम्बन्धलाई समान सम्बन्धमा रूपान्तरण गर्ने कार्य गर्दछ । सशक्तिकरण शोषण र दमनबाट जन्मेको विभेद एवं गरिबी विरुद्ध शक्ति दिने प्रयास हो । यसले गरिब तथा पिछडिएका वर्गहरूलाई जिम्मेवारी बहन गर्न सक्ने क्षमता एवं सामर्थ्यको विकास गराउँदछ । मानिसहरूलाई समान, सक्षम अस्तित्वपूर्ण मानवको रूपमा सम्मानित गरिने प्रयास सशक्तिकरण हो (तिमिल्सिना, २०७४) ।

## १.२ समस्याको कथन

वि.सं. २०६८ को जनगणनाअनुसार पुरुष भन्दा महिलाको संख्या तुलनात्मक रूपमा बढी छ । अझै पनि हाम्रो समाजमा रहेका महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक तथा साँस्कृतिक अवस्था पुरुषहरूको तुलनामा पछाडि रहँदै महिलाहरू शोषित, दमित, पिडित र अपहेलित अवस्थामा रहेको पाइन्छ ।

नेपालमा महिला सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरू सरकारी र गैरसरकारी स्तरबाट हुन थालेका र विस्तारै प्रभावकारी पनि हुँदै गएका छन् । समाजमा सहकारीको अवधारणा पनि महिला सशक्तिकरणको बलियो खम्बा हो । महिलाहरूमा आपसी समझदारी, बोल्ने कलामा विकास, आर्थिक रूपमा सवल बनाउन सहकारीले महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । महिलाहरूले प्राप्त अवसरको सहि सदुपयोग गरेर सामाजिक र आर्थिक रूपमा बलियो हुन सक्दछन् ।

नेपाली महिलाहरूको अवस्था विकसित मुलुकको भन्दा दयनीय छ । एक्काइसौँ शताब्दीसम्म पनि यहाँको पितृसत्तात्मक सोच, रुढीबाढी परम्परा, अशिक्षा, गरिबी तथा अन्धविश्वासले गर्दा नै महिलाहरू पछाडि परेका कारणहरू हुन् (उप्रेती, १९८८) ।

प्रस्तुत अध्ययनका अनुसन्धनात्मक प्रश्नहरू यस प्रकार रहेका छन् ।

- सहकारीमा संलग्न महिलाको सामाजिक, आर्थिक अवस्था कस्तो छ ?
- सहकारीमाआवद्ध महिला उत्तरदाता कसरी सशक्त भएका छन् ?
- महिला सशक्तिकरणमा सहकारीका सदस्यहरूको आफ्नो भूमिका कस्तो रहेको छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

**सामान्य उद्देश्य**

- सहकारीताको माध्यमबाट महिला सशक्तिकरणको अध्ययन गर्ने ।

**विशिष्ट उद्देश्य**

- सहकारीमा संलग्न महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थाको अध्ययन गर्ने ।
- सहकारीमा सम्बद्ध उत्तरदाता सशक्त हुनुका कारणहरूपहिचान गर्ने ।

## १.४ अध्ययनको महत्व

प्रस्तुत अध्ययनले सहकारीको माध्यमबाट महिलाहरूको सामाजिक हैसियत, निर्णय क्षमता, नेतृत्व विकास र चेतनामा आएको परिवर्तन बारे जानकारी प्राप्त गर्न खोजिएको छ । जसमा महिला र उनीहरूको सशक्तिकरण, सहकारीका माध्यमबाट महिलामा आएको नेतृत्वदायी क्षमता, स्वावलम्बन, आत्मनिर्भर, नाफामुलक एवम् व्यवसायीकरणमा लाग्नको लागि उत्प्रेरणा मिल्दछ । सो अध्ययनले मुख्य रूपमा सहकारीका सदस्यहरूको सहकार्यले व्यक्ति, समाज र समग्र रूपमा राष्ट्रको विकासको लागि के कस्तो टेवा पुऱ्याएको छ भन्ने बुझ्नको लागि यस शोध अध्ययनले मद्दत पुऱ्याउने छ । सहकार्यले महिलाहरूमा आएको परिवर्तन बारे जानकारी राख्ने सहकारी, गैर सहकारी व्यक्ति विशेष एवम् यसप्रति सरोकार राख्ने जोकोहिलाई मद्दत पुग्नेछ ।

## १.५ अध्ययनको सीमा

कास्की जिल्लापोखरा महानगरपालिका वडा नं. २५ हेम्जामा अवस्थित श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरू मध्ये नमुना छनौटमा परेका सदस्यहरूको अर्न्तवार्ता र वैयक्तिक अध्ययनका साथै प्राथमिक र द्वितीय खालका स्रोतहरू प्रयोग गरी महिला र विकास सिद्धान्तमा मात्र आधारित रहेर यो अध्ययन गरिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१ अवधारणागत पृष्ठभुमि

अध्ययन अनुसन्धानका लागि साहित्यिक पुनरावलोकन अति आवश्यक रहेको छ । सामाजिक अनुसन्धानका लागि यो छिटो, छरितो र अनुसन्धानको सिङ्गो प्रक्रिया सहित निष्कर्षमा पुऱ्याउने गर्दछ । यसर्थ सामाजिक अनुसन्धानमा सन्दर्भ साहित्यको समिक्षा आवश्यक मानिन्छ । प्रत्येक व्यक्ति, समुदाय तथा राष्ट्र आफै बढी विकसित हुन चाहन्छ । यो एउटा मानवीय गुण नै हो कि प्रत्येक यथास्थितिबाट माथि उठ्न सकिन्छ । अरु बढी सफल, समुन्नत र सक्षम हुन चाहन्छ । यसबाट के भन्न सकिन्छ भने विकास भनेको वर्तमानमा हुने सकारात्मक परिवर्तन हो, जुन समाजको संरचनात्मक परिवर्तनसँग सम्बन्धित छ । वास्तवमा विकासका लागि समुन्नत समाज जो पराधीनताबाट, शोषणबाट अनि दमनबाट मुक्त भएको हुनुपर्छ । सबै वर्ग वा समुदायको क्षमतामा आधारित पहुँचको अभिवृद्धिलाई विकास भन्न सकिन्छ । यसैले विकास वितरण प्रणालीसँग पनि सम्बन्धित छ । विकास कुनै एउटा तौलिन सक्ने वस्तु नभएर यसको प्रकृति नितान्त गुणात्मक हुन्छ, जसमा मानवीय क्षमताका कारण आफ्ना स्रोत र साधनको अधिक प्रयोग गरिन्छ (बडाल, २०६८) ।

मानव सभ्यताको विकासका शुरुका दिनहरूमा जनसंख्या ज्यादै कम थियो । त्यसबेला मानिसहरूलाई आफ्ना आधारभूत आवश्यकता पूरा गर्न गाह्रो पर्दथ्यो । तसर्थ त्यस समयमा मानिसहरू आफैमा निर्भर हुँदै थिए । जनसंख्याको विस्तारसँगै आवश्यकता र चाहनालाई पुरा गर्ने वस्तु र सेवाहरूको उत्पादन आफैले गर्न गाह्रो हुँदै आयो । फलस्वरूप मानिस मानिसबिच सहयोग र समन्वय स्थापना गर्नुपर्ने आवश्यकता हुन थाल्यो । यसबाट आफूले उत्पादन गरेका वस्तु र सेवा अरुलाई दिने र अरुले उत्पादन गरेका वस्तु र सेवा आफूले लिने प्रथाकोशुरुवात हुन थाल्यो । यसले गर्दा अरु र आफ्नो आवश्यकतालाई पूरा गर्न उत्पादन प्रणालीको विकास भयो । यस धारणाले वस्तुहरूमा आफ्नो स्वामित्व आवश्यक पर्ने कुराको महशुस हुन थाल्यो । त्यसबेलाको समयमा हालको जस्तो भौतिक साधन, स्रोत र सुविधाको विकास भएको थिएन । क्रमशः आफूले उत्पादन गरेको वस्तुलाई

वस्तु विनिमय प्रणालीअनुसार आवश्यकताको पूर्ति गर्ने माध्यमका रूपमा विकसित हुन थाल्यो । विकाससँग सँगै आवश्यकता पनि बढ्न थाल्यो र पूर्ति पनि बढ्न थाल्यो (ढकाल, २०६७) ।

विश्व समुदायको आर्थिक विकासको लागि अवलम्बन गरेका राज्य नियन्त्रित अर्थव्यवस्था, निजि क्षेत्रको बाहुल्य रहेको बजार अर्थव्यवस्था र सामाजिक अर्थव्यवस्था गरी तिन किसिमका विधिहरू प्रचलनमा रहेका छन् । हाल केही मुलुकहरू बाहेक विश्वको बहुसङ्ख्यक मुलुकहरूमा एउटा मात्र नभई आर्थिक विकासमा मिश्रित विधिहरू प्रयोगमा आइरहेका देखिएको छ । सहकारी सामाजिक अर्थ व्यवस्थाको एउटा महत्वपूर्ण कडी हो । आर्थिक उदारीकरणको अगुवाई गर्ने विश्व बैङ्क अन्तराष्ट्रिय मुद्रा कोष समेत सहकारीको उपादेयताका बारेमा अहिले आएर सहमत भएका छन् । कृषि क्षेत्रको विकास र ग्रामीण अर्थतन्त्रमा सहकारी विधि बढी प्रभावकारी हुने विश्व बैङ्कले स्वीकार गरेको छ भने सन् २००७ मा गरिएको अन्तराष्ट्रिय मुद्राकोषको एक अध्ययनबाट बित्तिय कारोबार गर्ने सहकारीहरूको आर्थिक स्थायित्वमा योगदान रहने निर्क्योल नीति लिएको छ । नेपाल र श्रीलङ्काको अध्ययनले पनि चरम द्वन्द्वको समयमा समेत सहकारी संस्थाहरूलाई द्वन्द्वरत पक्षहरूले कम मात्र असर पुऱ्याएको घटनाले समेत सहकारीको विशिष्ट प्रकृतिका बारेमा विश्व समुदायलाई आश्वस्त बनाएको छ (दाहाल, २००२) ।

देशको आधा जनसंख्या रहेका महिलाहरू देश विकासमा सदा सर्वदा संलग्न रहेपनि अशिक्षा, अस्वास्थ, गरिबी एवं रुढीवाढी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार, आर्थिक एवं स्रोतको पहुँचबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्ण रूपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुँदैनन् तबसम्म देशको आर्थिक, स्थितिमा सुधार आउन सक्दैन । परम्परागत सामाजिक दृष्टिकोणमा अपेक्षित रूपमा सुधार हुन नसक्नु, लैङ्गिक विभेद सम्बन्धी कानुनी संरचनामा अपेक्षित सुधार नुहुनु, केही सामाजिक क्षेत्रमा सहकारी लगानीको वृद्धिदर कम रहनु जस्ता कारणले महिलाहरूको स्तरमा तुलनात्मकरूपले उल्लेखनीय रूपमा सुधार ल्याउन सकिएको छैन । आर्थिक स्रोत तथा अवसरहरूमा पहुँच पनि कम भएकाले महिलाको आर्थिक सशक्तिकरणका लागि लघु ऋण कार्यक्रम, महिला विकास कार्यक्रम, सिप विकास कार्यक्रम, महिला जागृत तथा आयआर्जन कार्यक्रम सञ्चालन भएको छ । विशेषगरी बचत तथा ऋण सहकारी कार्यक्रममा महिलाको

उल्लेखनीय सहभागिता भएको र संलग्नताको परिणाम स्वरूप सामाजिक रूपमा परिचालनमा मद्दत पुगेको देखिन्छ (ढकाल, २०७०) ।

वर्तमान समयमा महिला सशक्तिकरणमा राष्ट्रिय अन्तराष्ट्रिय मञ्चमा राजनैतिक तह र तप्कामा समेत आवाज मुखरित हुँदै आएका छन् । हुन त अधिकार दिदैमा पूर्णता हुने नभई त्यसलाई व्यवहारमा, आफ्ना दैनिक क्रियाकलापमा स्थानिय तहदेखि केन्द्रिय तह सम्मका राजनैतिक क्रियाकलापहरूमा सक्षम एवम् सक्रिय सहभागी भई प्रतिस्पर्धामा उत्रने तत्परता विद्यमान हुने अवस्था देखिने अवस्था आउँदैन त्यति बेलासम्म सार्थक रूपमा ग्रहण गर्न सक्दैन । महिला सशक्तिकरण एउटा दैनिक जीवनमा आइपर्ने व्यवस्थित क्रियाकलाप हो । यो समय सापेक्ष रूपमा निरन्तर चलिरहने प्रक्रिया हो । महिला सशक्तिकरण महिलाहरूको राजनैतिक, आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, जग्गा जमीन, धन सम्पत्ति माथि निर्णयकर्ताका रूपमा भुमिका स्थापित गर्न पाउने अवस्थालाई बुझिन्छ । यस्ता अवसरहरूबाट महिलाहरूको व्यक्तित्व भरपुर विकास गर्ने प्रतिष्ठा उच्च गर्न, निर्णय गर्न, आत्मनिर्भर बन्न सक्ने आय आर्जन गर्न सक्ने रोजगारीका अवसर स्वास्थ्य अधिकार प्राप्त गर्न सक्ने हुनेछन् (पौड्याल, २०६८) ।

### २.१.१ नेपालमा सहकारीताको ऐतिहासिक विकासक्रम

२००८: त्रिभुवन ग्राम विकासको औपचारिक शुरुवात

२०१०: कृषि मन्त्रालय अन्तर्गत सहकारी मन्त्रालयको स्थापना

२०१३: सहकारी ऐन पारित

२०१७: सहकारी नियमावली तर्जुमा, सहकारी विकास कोषको स्थापना, साझा संस्थाको स्थापना

२०१८: सहकारी तालिम केन्द्रको स्थापना, सहकारी विभागलाई तत्कालिन पञ्चायत मन्त्रालयमा सारिएको सहकारी बैङ्कको स्थापना

२०२२: सहकारी विभागलाई कृषि तथा भूमि सुधार मन्त्रालयमा सारिएको

२०२३: सहकारी बैङ्कलाई कृषि विकास बैङ्कमा रूपान्तरण गरिएको

२०२५: सहकारी संस्थाहरूको व्यवस्थापन कृषि विकास बैङ्कलाई हस्तान्तरण

२०३४: ३० जिल्लाहरूका साझा कार्यक्रम सञ्चालन र व्यवस्थापन कृषि विकास बैङ्कबाट सहकारी संस्थाहरूको व्यवस्थापन समितिमा हस्तान्तरण

२०४०: साझा सहकारी ऐन १९४८ लागु गरिएको

२०४१: सहकारी विभागलाई साझा विकास विभागमा र सहकारी प्रशिक्षण केन्द्रलाई साझा विकास तालिम केन्द्रमा परिणत

२०४२: साझा संस्था ऐन पारित

२०४८: सहकारी ऐन तर्जुमा गरी लागु गरेको साझा विकास विभागलाई सहकारी विभागमा परिणत, साझा विकास तालिम केन्द्रलाई सहकारी प्रशिक्षण केन्द्रमा परिणत, साझा विकास शाखालाई जिल्ला सहकारी कार्यालयमा परिणत

२०५०: बचत तथा ऋण सहकारी संस्थाहरूको केन्द्रिय संघको स्थापना

२०५६: कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालयमा परिणत

२०५६: साना किसान सहकारी संस्थाहरूको केन्द्रिय बैङ्कको रूपमा साना किसान बैङ्कको स्थापना

२०५८: सहकारी ऐन २०४८ अन्तर्गत राष्ट्रिय सहकारी बैङ्क लि. दर्ता भई कार्यक्रम सञ्चालन

२०६१: सहकारी विभागको संरचना परिवर्तन, ६८ जिल्लामा रहेका सहकारी कार्यालयको संख्या कटौती गरी ३८ जिल्लामा डिभिजन सहकारी कार्यालयको स्थापना

२०६४: सहकारी विभागबाट प्रथम पटक सहकारी संघसंस्था दर्ता तथा नियम मापदण्ड जारी गरी कार्यान्वयन

२०६८: सहकारी विभागबाट सहकारी संघसंस्था दर्ता, सञ्चालन लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड जारी गरी कार्यान्वयन

२०६९: सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना

*स्रोत : कस्केली सहकारी, २०७० ।*

### २.१.२ लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि अन्तराष्ट्रिय प्रयासहरू

विभिन्न समयमा भएका अन्तराष्ट्रिय भेला, शिखर सम्मेलन र घोषणापत्रहरू महिला सशक्तिकरणतर्फ सचेत छन् र केही कार्यक्रमहरूले महिलाको हैसियतको घोषणा पनि गरेको पाइन्छ । जसमध्ये केही महत्वपूर्ण प्रयासहरू निम्न अनुरूप रहेका छन् :

क) विशेष शब्दमा समानताको सिद्धान्तको पहिलो अन्तराष्ट्रिय सन्धि संयुक्त राष्ट्रसंघको वडापत्र थियो । यसले आधारभूत मानव अधिकार, मानवीय मूल्य र मर्यादा, महिला र पुरुषलाई समान अधिकार, धर्म, वर्ण, लिङ्ग र भाषाको बिना भेदभाव मौलिक स्वतन्त्रतालाई पुनः पुष्टि गऱ्यो ।

ख) मानव अधिकार विश्वव्यापी घोषणापत्र (१९४८) मा भेदभाव रहित समानताको सिद्धान्तको घोषणापत्रको सारमा शुत्रवद्ध गरियो ।

ग) आधारभूत महिला अधिकार सम्बन्धी केही विशिष्ट दस्तावेजहरू:

**समान ज्याला सम्बन्धी महासन्धी (१९५१)**: सन् १०५१ मा महिला र पुरुषबीच भेदभाव नराखी बराबर कामका लागि बराबर ज्याला दिइनुपर्छ भन्ने महासन्धी अन्तराष्ट्रिय श्रम संगठनले पारित गऱ्यो र सोही अनुरूपको व्यवस्था लागु गर्न सम्बन्धित सबै राष्ट्रहरूलाई आह्वान गरियो र तह अनुरूपको व्यवास्था लागु गर्न जोड दिइयो ।

**पेशागत भेदभाव उन्मूलन (१९६०)** : महिला र पुरुषबीच विधमान रोजगारी एवं पेशागत विभेदलाई विचार गरी सन् १९६० मा अन्तराष्ट्रिय श्रम संगठनले महिला उपर भएको रोजगारी र पेशागत उन्मूलन सम्बन्धी महासन्धी पारित गरी यसलाई लागु गर्न जोड दियो । सन् १९६२ मा संयुक्त राष्ट्रसंघको महाधिवेशनले विवाह, विवाहका लागि न्यूनतम उमेर, विवाह दर्ता सम्बन्धी महासन्धी पारित गऱ्यो ।

**अन्तराष्ट्रिय महिला सम्मेलन** : सन् १९७२ मा संयुक्त राष्ट्रसंघको महासभाले १९७५ मा मनाउन लागिएको अन्तराष्ट्रिय नारी वर्षलाई दृष्टिगत गरी त्यसलाई प्रवर्द्धन गर्न महिलाको समान समर्पण, सम्पूर्ण विकास प्रयासहरूमा महिला पूर्ण समायोजनको सुनिश्चितता र विश्व शान्तिको सुद्धृढीकरणमा योगदान वृद्धि गर्ने घोषणा गर्दै प्रस्ताव ग्रहण गरेको थियो । अन्तराष्ट्रिय नारी वर्ष, महिला दशक र चार वटा अन्तराष्ट्रिय महिला सम्मेलनहरू मेक्सिको १९७५, नैरोवी १९८०, कोपेनहेगेन १९८५ र बेइजिङ १९९५ सबै महिला माथि हुने

भेदभावको अन्त्य गरी समाजमा समान सहभागितामा जोड दिने प्रतिवद्धताका साथ सम्पन्न भएका थिए ।

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी (१९७९)** : सन् १९७९ मा संयुक्त राष्ट्रसंघले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न महासन्धी पारित गऱ्यो । यो यस्तो ऐतिहासिक दस्तावेज हो जसले घर बाहिर र घर भित्र दुवै क्षेत्रमा महिलाका जीवनमा हुने प्रत्यक्ष, अप्रत्यक्ष सबै खाले भेदभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ र यस्तो भेदभाव अन्त्य गर्ने उपायहरू अवलम्बन गर्न सबै राज्यहरूलाई बाध्य पारेको छ । यसले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणामा निहित लैङ्गिक संवेदनशिलतालाई पनि सम्बोधन गरेको छ । यसले महिलामाथि गरिने भेदभावलाई लिङ्गका आधारमा गरिने राजनितिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक अथवा अन्य कुनै क्षेत्रमा भेदभाव, बहिस्कार अथवा प्रतिबन्ध भन्दै परिभाषित गरेको छ । यो सन्धि १९८१ म लागु भएको छ ।

**भियना घोषणापत्र**:जुन १९९३ मा मानव अधिकार सम्बन्धमा भियनामा भएको सम्मेलनले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसामा गहिरो सरोकार राख्दै यिनलाई संसारभर उजागर गर्न र फैलाउन महिलाको मानव अधिकारको समान हैसियतलाई घोषणापत्र स्थापित गरेको थियो ।

**आइ.सि.पि.डि. कार्य योजना** : सन् १९९४ सेप्टेम्बर ५-१३ मा कायरोमा भएको सम्मेलनका प्रतिनिधिहरूले विश्वव्यापी शिक्षा, मातृ, मृत्युदर न्यूनीकरण, परिवार नियोजन, प्रजनन तथा यौन स्वास्थ्य पहुँच प्रति सहमति जनाएका थिए । यसले शिक्षा, रोजगारमा लैङ्गिक समानता र परिवार नियोजनको नयाँ सम्भावनामा जोड दिएको छ ।

## २.२ सैद्धान्तिक समीक्षा

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भुमिका र अवस्थाका विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेको निष्कर्ष निकालेको सन्दर्भमा र विकासको लागि अगाडि बढाइएका विभिन्न रणनीतिहरूका परिणाम स्वरूप पनि आशातीत् सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्धाको रूपमा लिएको छ । लैङ्गिक विषयलाई जोड दिदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पहुँच बढाउनुपर्ने, सम्पत्तिमा अधिकार, सशक्तिकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा

महिलाको उल्लेखनीय भुमिकाको बारेमापनि लैङ्गिक विकासमा जोड दिएको छ । लैङ्गिक विकास सिद्धान्त भित्रका रणनीतिहरू विकासमा महिला, महिला र विकास, लैङ्गिक र विकास सिद्धान्त रहेता पनि यस अध्ययनले महिला र विकास सिद्धान्तलाई जोड दिइएको छ ।

### २.२.१ महिला र विकास

विकासमा महिला अवधारणाले प्रस्तुत गरेका रणनीतिहरूबाट मात्रै वास्तविक अर्थमा महिलाको विकास नहुने चर्चा गर्दै सन् १९७० को दशकको उत्तरार्धमा महिला र विकास अवधारणाको सुरुवात भएको हो । यो परनिर्भता सिद्धान्तको पृष्ठभुमिमा आएको अवधारणा हो । महिला र विकास अवधारणाले महिलाको उत्पादक भूमिकालाई मात्र नभएर पुनरुत्पादक भूमिकामा समेत आफ्नो ध्यान केन्द्रित गरेका छ । यस अवधारणाले महिलाहरू विकास प्रक्रियाको एउटा अंश भएकाले केवल लाभान्वित समूहको रूपमा मात्र नलिएर महिला र विकासलाई सँगसँगै  लैजानुपर्दछ भन्ने मान्यता राख्दछ ।

विकास प्रक्रियामा महिलाहरू सहभागी हुँदै आए पनि पुरुषले महिलाको यौनिकतामाथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नभएको कारण, महिला निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिसांहरू : बालविवाह, बहुविवाह, कुटपिट, यौन शोषण, यौन दुराचार, बेचविखन, भेदभाव, दास प्रथा, सती प्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान छन् । यी प्रथाहरूले महिलालाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा शारीरिक तथा मानिसिक प्रभाव पारिरहेका छन् । जीवनमा अवसरहरूको सदुपयोग गर्न बाधा पुऱ्याएका  छन् ।

महिला विरुद्धको सबैखाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सबै किसिमका भुमिकाको पहिचान गरिनुपर्दछ । सम्पत्तिमा महिलाको पहुँच हुनुपर्ने, सम्पत्तिको पूर्ण विवरण हुनुपर्ने, उत्पादनका साथै पुन उत्पादनमा जोड र विकास प्रक्रियामा महिलाको सवाललाई व्यवस्थित पार्ने महिला चेतना, जागरणअभियान तथा प्रचार प्रसारलाई जोड दिदै समान अवसरमा जोड दिइएको छ । महिला केन्द्रित विकास मात्र भन्दा विकासमा पुरुष सरह महिलाको सहभागिता हुनुपर्ने तथ्यमा यस अवधारणाले जोड दिएको छ ।

## २.३ पूर्व साहित्यको समीक्षा

सहकारी अवधारणाको ऐतिहासिक दृष्टिकोणका आधारमा अध्ययन गरेको पाइन्छ । जसमा सहकारी विकासको समस्या भनेको कमजोर बित्तिय ढाँचा, असमान्य ऋण विकास, बफादारीताको अभाव,सामुहिक सहभागिताको कमी जस्ता तर्कहरू समेटिएका छन् ।सहकारीको विभिन्न समस्याका कारण साना किसानहरूको विकास हुन नसकेकाले सहकारीहरू बहुउद्देश्य प्रणालीको माध्यमबाट कार्य गरेर ग्रामीण जनतालाई वास्तविक राम्रो सुविधा प्रदान गर्नुपर्ने साथै सहकारीलाई पुनः स्थापित गरी साना किसान समूहलाई राम्रो सेवा प्रदान गर्नुपर्नेमा जोड दिएका छन् । उनले निष्कर्षमा सहकारीको माध्यमबाट समाजको समाजिक-आर्थिक उत्थान गर्ने कृषि विकास सह-परिचालनको माध्यमलाई उत्प्रेरित गराउनुपर्छ भन्ने तर्क दिएका छन् (मानन्धर, २००९) ।

सहकारी बित्त अर्थव्यवस्थाको परिभाषित रूप हो, जसले बित्त, रेमिटेन्स, ग्रामीण बिमा आदिमा पिछडिएका र कम आय भएका व्यक्तिहरूलाई स्वयम रोजगारको अवसर विकास गर्न र साना उद्यम कर्ताका रूपमा आफुलाई चिनाउन सहयोग गर्दछ । सहकारी बित्तको निर्धारित विशेषताहरूमा सानो आकारको ऋण, समूह बचत, सानो स्तरीय उद्यमी विविध उपयोग र सरल तथा महिला बित्तिय सर्तहरूले जनाउँदछ । नेपालमा करिब तिन दशक देखीको सहकारी बित्तिय कार्यक्रम जसले गरिब तथा ग्रामीण भेगका व्यक्तिहरूको उत्थान गर्ने उद्देश्यलाई जनाउँछ (एन्. आर. वि, २००७) ।

सहकारी व्यक्तिहरूको स्वायत्त संस्था हो जसले स्वैच्छिक, सामाजिक, आर्थिक र साँस्कृतिक लाभको लागि सहयोग पुऱ्याउँछ । सहकारीमा मुनाफा रहित सामुदायिक संस्थाहरू र व्यवसायहरू समावेश हुन्छन्, जसको स्वामित्व र व्यवस्थापन त्यहाँबाट सेवा लिने व्यक्ति (एक उपभोक्ता) वा त्यहाँ गर्ने मान्छेहरू (एक कार्यकर्ता) माफ हुन्छ । आपसी सहयोगबाट हुने पारस्परिक लाभलाई जब मानव जातीले बुझे तब एक अर्काको बिचमा कार्यहरू र स्रोतहरूको सँगै बाह्य सामुदायहरूको साथमा व्यापारको व्यवस्थापन गरी सहकारी संरचनात्मक ढाँचामा संगठित गरियो (मिश्र, २०१३) ।

सहकारी आन्दोलन सामाजिक न्याय, उत्पादकत्व वृद्धि, वैज्ञानिक प्रयोगका लागि राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा प्रजातान्त्रिक आर्थिक आधार सहितको व्यवस्थापन विधिबाट सञ्चालन गर्ने व्यवसायिक संरचना हो (बडाल, २०६७) ।

मुलुक भरमा स्थापना भएका सम्पूर्ण सहकारी संघसंस्थाहरूलाई आवश्यक बित्तीय तथा अन्य सेवाहरू सरल, सुलभ र प्रभावकारी ढंगबाट प्रदान गरी ती संघ संस्थाहरूको संस्थागत विकासबाट सामुदायिक विकासका साथै निर्धारित उद्देश्यहरू प्राप्त गर्न र आफ्ना सदस्यहरूमा सहकारी सिद्धान्त अनुसार समानता, प्रजातान्त्रिक व्यवस्थापन सेवामुखी व्यवसाय आदि जस्ता कार्यबाट सदस्यहरूको आर्थिक सामाजिक स्थितिमा सुधार ल्याउनु बैङ्कको प्रमुख लक्ष्य रहेको छ। (राष्ट्रिय सहकारी बैङ्क लिमिटेड, २०६८)

ढिकुटी, पर्म तथा गुठीको रूपमा सञ्चालित युवा सहकारीका स्वरूपहरूलाई संस्थागत स्वरूप दिँदै सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रूपमा विकास गर्न र ग्रामीण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रूपमा सहकारीलाई उपयोग गर्न वि.सं. २०१० सालमा तत्कालिन योजना, विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको हो (सहकारी विभाग, २०६८)।

नेपालको रोचडेलको रूपमा परिचित नेपालको पहिलो सहकारी संस्था बखान सहकारी संस्थाको वि.सं. २०१३ साल चैत्र २० गते चितवन जिल्लाको शारदानगरमा भएको थियो र यसले बाढी पहिरो पिडित जनताहरूलाई चितवनको जग्गा फडानी गरी नयाँ बस्ती बसाउने सहकारी योजना अनुसार राप्ती दुन विकास योजना अर्न्तगत उनीहरूलाई जग्गा वितरण गरी गोरु, बिऊ बिजन तथा ६ महिलाहरूलाई पुग्ने खाद्यान्न ऋण स्वरूप प्रदान गर्ने समेतको कार्य भएको थियो (गुरुङ, २०६८)।

कम आय भएका महिला र पुरुषहरूलाई लाभान्वित गर्ने दृष्टिकोणले सहकारी बित्त एक आर्थिक रूपमा विकसित भएको छ। सहकारी बित्त शब्दले कम आय भएका ग्राहकहरू साथै स्वरोजगारी व्यक्तिहरूलाई बित्तिय सेवाको प्रावधानका रूपमा जनाउँदछ (लेजरहुड, १९९९)।

बाल्टीवालाले सामर्थ्यलाई महिला सशक्तिकरणको व्याख्या गर्दा प्रयोग गरेकी छन्। उनले सशक्तिकरणलाई स्रोतको वितरण, मान्यतामा परिवर्तन, सोचमा परिवर्तन आदि समाजमा देखिने महिला र पुरुष बीचको सन्तुलनको रूपमा व्याख्या गरेकी छन् (बाल्टीवाला, १९९४)।

साहित्यिक शिक्षा र महिला सशक्तिकरणमा महिलाहरूको सशक्तता, उनीहरूको साक्षरता र समानुपातिक लिङ्गको बारेमा वर्णन गरिएको छ। उनको लेखमा, उनले

विश्वव्यापी शिक्षा उपलब्ध गराउन विभिन्न गतिविधिमा महिलाहरूलाई भाग लिनको लागि ध्यान दिनुपर्नेमा जोड दिएकी छन् (सिलवाल, २००३) ।

नेपाली महिला सम्बन्धी लेखिएको लेखमा सुवेदीले महिला विकासका धेरै पक्षमा चर्चा गरेका छन् । पुरुष समान महिलाको सहभागिता हरेक क्षेत्रमा हुनुपर्दछ । महिलाको स्थान सामाजिक र आर्थिक विकासमा सशक्तिकरण गरी समतामुलक ढंगबाट सहभागिता हुनुपर्दछ । विविधतामुलक व्यवहारले सहभागितामा विविधता देखिन्छ (सुवेदी, १९८९) ।

महिला सशक्तिकरणको लागि संयुक्त राष्ट्र वडापत्र र दस्तावेजहरूमा जस्तै नैरोवी अग्रदर्शी कार्यनीति (१९८५), महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मुल गर्ने राष्ट्रसंघीय महासन्धि जकार्ता घोषणा (१९९४), बेइजिङ्ग घोषणा (१९९५) आदिमा पनि नेपालले हस्ताक्षर गरी आफ्नो प्रतिवद्धता दर्शाइसकेको छ । त्यस्तै नवौं पञ्चबर्षीय योजनामा पनि महिला विकासमा जोड दिइएको छ । महिला विकासको सन्दर्भमा राष्ट्रिय महिला आयोग गठन गरिएको छ । महिला विकास सम्बन्धी सरकारी क्षेत्रबाट पनि विभिन्न प्रयासको थालनी भएको पाइन्छ । नेपाल सरकारको महिला विकास नीतिलाई कार्यान्वयन गर्न केहि मन्त्रालयहरू तथा राष्ट्रिय योजना आयोग अर्न्तगत महिला विकास इकाई शाखा/महाशाखाहरू स्थापना गरिएका थिए (चन्द्र, २०६८) ।

नेपाल सरकारले छैटौं योजना अवधी (२०३७-२०४२) देखी महिला विकासलाई र त्यसपछिका आवधिक योजनाहरूमा महिला सशक्तिकरण र लैङ्गिक समानता तथा समताको विषयलाई विशेष ध्यान दिँदै आएको छ । संयुक्त राष्ट्रसंघ लगायत सार्क स्तरीय र राष्ट्रिय स्तरमा भएका महिला विकास, महिला सशक्तिकरण र लैङ्गिक विषयका महासन्धि तथा घोषणाका प्रावधानहरू लागु गर्न दर्शाएको प्रतिवद्धता अनुसार कानुन तथा नीतिहरूमा थप सुधार गर्दै कार्यक्रमहरू कार्यान्वयन गरिदै आएको छ (रा.यो.आ, २०६४) ।


महिला उत्पादकहरू र सामुहिक उद्यमलाभ विषयक एक अध्ययनमा जोन्स, स्मिथ र विल्सको समूहले सामुहिक उद्यम जस्तैः सहकारी संस्थाहरूले माहिलालाई एक्यवद्धता र एक आपसमा एक बलियो सञ्जाल कायम गरेर व्यापारिक वा आर्थिक गतिविधिहरूमा रहेका प्रतिबन्धहरूलाई हटाउने सामर्थ्य गरेको पाएका छन् (जोन्स एट अल, २०१२) ।

सहकारी संस्थामा आवद्ध महिलाहरूमा आएको सकारात्मक सामाजिक र शारीरिक परिवर्तनले उनीहरूको परिवार समुदाय मात्र नभई सिङ्गो राष्ट्रको विकासमा नै प्रभावकारी असर पारेको छ (दत्त र गेली, २०१२) ।

नाइजीरिया र भारतका विभिन्न ग्रामीण भेगमा रहेका महिला सहकारी संस्थाहरूको एक अध्ययनले गैर सहकारी संस्थामा संलग्न महिलाहरू भन्दा सहकारी गतिविधिमा आवद्ध महिलाहरू आर्थिक, स्वअवसर र उत्पादकताको गतिविधहरूमा निकै अगाडि र अब्बल रहेको जनाएको छ(अमाजा एट अल, २०१५/१६) ।

## २.४ अवधारणागत खाका (ढाँचा)

सहकारीमा महिलाको सहभागीताले महिलाहरूको सशक्तिकरणका लागि टेवा प्रदान गर्दछ । छरिएर रहेका स-साना पुँजीलाई एकत्रित गर्दै सामुहिक रूपमा अगाडि बढ्न हौसला प्रदान गर्छ । सहकारीमा विधिगत दर्ता भईसकेपछि पाउने विभिन्न तालिमको माध्यमबाट महिलाहरूको विविध पक्षमा मद्दत पुऱ्याउँछ ।



# अध्याय तीन

# अनुसन्धानविधि

## ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्यता

यस अध्ययनको मुख्य उद्देश्य महिलाहरूको सशक्तिकरणमा बचत तथा ऋण सहकारी संस्थाले खेलेको भुमिका सम्बन्धमा छ । साथै त्यस क्षेत्रमा महिलाहरूले गरेको कार्यको कुनै पनि क्षेत्रबाट अध्ययन अनुसन्धान नभएको हुनाले यस सहकारी संस्थालाई अध्ययन क्षेत्र छनोट गरिएको छ र सो सहकारीमा महिलाहरूको मात्र सहभागिता भएकोले अध्ययनको क्रममा संकलित सूचना तथा तथ्याङ्क विश्लेषण गर्दै उक्त कार्यक्रमले संलग्न महिला सदस्यहरूमा पारेको आर्थिक सामाजिक प्रभावको साथै भुमिकाको उजागरण गर्ने प्रयास गर्दछ ।

## ३.२ अनुसन्धान ढाँचा

यो अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक अध्ययन ढाँचा प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान पद्दतिमा अध्ययन क्षेत्रको सामान्य वर्णन गरिएको छ भने अन्वेषणात्मक अनुसन्धान पद्दतिमा सहकारीमा संलग्न महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी खोजी गर्दै सहकारीले महिलाको जीवनमा ल्याएको परिवर्तन र सशक्तिकरण के कस्तो छ भन्दै व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्ककोस्रोत तथा प्रकृति

यस अध्ययनमा प्राथमिक र द्वितीय खालका स्रोतहरू प्रयोग गरी सूचना संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता अनुसूची तथा वैयक्तिक अध्ययन विधि पर्दछन् भने द्वितीय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्बन्धितसाहित्यको सहयोग लिइएको छ ।

## ३.४ अध्ययनको समग्र र नमुना

श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थामा आवद्ध १९० जना शेयर सदस्यहरू रहेता पनि "अनुसन्धान गतिविधिहरू शैक्षिक र मनोवैज्ञानिक मापनको

लागि नमूना आकार निर्धारण तालिका (१९७०)" बाट उद्देश्यमुलक नमुना छनौट विधि पद्धती प्रयोग गरी १२३ जना महिला सदस्यहरूलाई मात्र छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरू

अध्ययनको गहिराईमा पुग्नको लागि निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### क) अन्तरवार्ता अनुसूची

यस विधिमा नमुना संकलनमा परेका सदस्यहरूलाई प्रत्यक्ष भेटी उनीहरूको बारेमा प्रत्यक्ष रूपमा अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । किनकी यस विधिमा अनुसन्धानकर्ता स्वयम् कार्य क्षेत्रमा गएर उनीहरूसँग संवाद वा भेटघाट गर्ने हुनाले यसमा उत्तरदाताहरू प्रष्ट खुलेर आफूले प्राप्त गरेका, जानेका र आफ्नो के-कती प्रगती भएको छ प्रष्ट रूपमा भन्न पाउने भएकाले समाजशास्त्रीय अध्ययनमा यो विधि अत्यन्तै उपयोगी मानिन्छ ।

### ख) वैयक्तिक अध्ययन

यस अध्ययनलाई बढी विश्वासीलो र भरपर्दो बनाउनका लागि उक्त सहकारीमा संलग्न ४ जना महिलाहरूको बारेमा वैयक्तिक अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरणएवम् विश्लेषण

अध्ययनको उद्देश्य अनुरूप अर्न्तवार्ता अनुसूची र वैयक्तिक अध्ययनबाट संकलित कोरा तथ्यहरूको प्रकृति हेरेर संख्यात्मक तथ्याङ्कलाई तालिकीकरण, बारग्राफ र वृत्तचित्रद्वारा स्पष्ट पारी तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गरिएको छ भने गुणात्मक तथ्याङ्कहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई व्याख्यात्मक वर्णनात्मक तरिकाबाट विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन स्थलको ढाँचार उत्तरदाताहरूका सामाजिक र आर्थिक अवस्थाको विश्लेषण

## ४.१ अध्ययन स्थल र सहकारी क्षेत्रको परिचय

गण्डकी प्रदेशमा पर्ने कास्की जिल्लामा १ महानगरपालिका ४ गाउँपालिका र ३ निर्वाचन क्षेत्र रहेका छन् । विधिगत रूपमा कास्की जिल्लामा दर्ता भएका ३४९ सहकारीहरू मध्ये ५२ वटा महिला विकास बचत तथा ऋण सहकारी संस्था छन् । श्री अमूल्य महिला विकास तथा ऋण सहकारी संस्था पनि कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २५ हेम्जामा अवस्थित छ ।

यो संस्था वि.सं. २०६७ सालबाट २५ जनाको समूहमा गठन गरी काम शुरु गरेपनि वि.सं. २०७० साल वैशाख २० गते सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयमा विधिवत रूपमा दर्ता भयो । २०७० साल वैशाख १ गते देखि कार्य शुभारम्भ गरेको संस्थाले शुरुमा २५ जना शेयर सदस्यबाट हाल १९० जनासम्म पुगेको छ । संस्था गठन हुनुपूर्व एक आपसमा बोल्न समेत हिचकिचाउने महिलाहरू अहिले एक आपसमा छलफल गर्ने, भेला सभाको आयोजना गर्ने, समस्याको पहिचान गरी कार्यक्रमहरू तर्जुमा गर्ने, नियमित बचत उठाउने, ऋण लगानी गरी त्यसको लागि आफै निरिक्षण गर्ने, ऋण असुली गर्ने, व्यवसायका प्रकृति हेरी ऋण थप प्रवाह गर्नेदेखि लिएर कार्यालयको सम्पुर्ण लेखा समेत आफै राख्न सक्ने भएका छन् ।

पोखरा महानगरपालिका हेम्जा २५ का केहि महिला दिदि बहिनीहरू मिलेर आफ्नो क्षेत्रका महिला दिदि बहिनीहरूको बीचमा आपसी सहयोग मेलमिलाप र महिला दिदि बहिनीहरूको विकासमा हामीहरू मिलेर केहि गर्नुपर्दछ भन्ने भावनाबाट प्रेरित भई ओम कुमारी बास्तोलाको अध्यक्षतामा श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थाको विधिवत रूपमा वि.सं. २०७० साल वैशाख २० गते दर्ता गरिएको हो । यो सहकारी महिलाहरूले महिलाको हितमा कार्य गर्ने गरी खोलिएको महिला बचत तथा ऋण सहकारी संस्था भएकाले यसले विशेष महत्व राखेको पाइन्छ । स-साना पुँजिहरू संकलन

गरी एक मुष्ठ बनाएर सदस्यहरूमध्ये भित्रै आवश्यकता अनुसार कर्जाको रूपमा वितरण गर्ने र सामुहिक समस्याको समाधान गर्ने संस्थाको उद्देश्य रहेको छ । यस सहकारीको उद्देश्य गरिब तथा विपन्न महिलालाई ऋण सुविधा दिने, दलित तथा गरिब बालबच्चालाई सहयोग गर्ने र सामुहिक समस्याको समाधान गर्ने जस्ता रहेका छन् । जसमध्ये यस सहकारीले ३ जना महिलालाई ८०००, १० जना महिलालाई ३०,००० र ८ जना महिलालाई १०,०००रूपैँया अनुदान गरेको पाइएको छ । सहकारीको माध्यमबाट महिला विकासका कार्यक्रमहरू के कस्ता सञ्चालित भएका छन् र ति कार्यक्रममा महिलाहरूको भुमिका कस्तो रहेको छ ? सहकारीलेसामाजिक, आर्थिक तथा साँस्कृतिक प्रभावको विश्लेषण गर्ने भएकाले कार्यक्रम मार्फत् सञ्चालित हुने आर्थिक, सामाजिक, साँस्कृतिक गतिविधहरूमा के-कस्तो जनसाङ्ख्यिक अवस्थितिमा सञ्चालन गरिएका छन् ? सबै जातजाति वर्गको सहभागिता कस्तो छ आदिबारे जानकारी आवश्यक छ । कुनै बस्ती एवम् संस्थामा १४ वर्षमुनि र ६० वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिहरू छन् भने त्यस्तो ठाउँमा आयआर्जनको क्रियाकलाप सञ्चालन गर्न सकिदैन । जातिय, धार्मिक एवम् साँस्कृतिक कारणले गर्दा व्यक्तिको जिविकोपार्जनका क्रियाकलापमा फरक प्रभाव पारिरहेको हुन सक्छ । यसर्थ, यहाँ अध्ययन क्षेत्रको सदस्यहरूको जनसाङ्ख्यिक र जातिय अवस्थाको विश्लेषण गर्न खोजिएको छ ।

## ४.२ जनसांख्यिक अवस्था

### ४.२.१ उमेर

उमेर समयको अन्तर थाहा पाउने आधार हो । जसले गर्दा को कति वर्ष भयो, कति वर्षको अन्तर छ, को सानो, को ठुलो, बच्चा, युवा र वृद्ध अवस्था पनि उमेरको कारणले गर्दा हुने हुन्छ । अध्ययन क्षेत्रको उमेर अनुसार उत्तरदाताको अवस्थाको बारे निम्न तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका ४.१: उत्तरदाताको उमेर अनुसारको विवरण**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| २५-३५ वर्ष | २१ | १७.०७ |
| ३५-४५ वर्ष | ५७ | ४७.३४ |
| ४५-५५ वष | ४० | ३२.५२ |
| ५५ वर्ष भन्दा माथि | ५ | ४.०७ |
| जम्मा | १२३ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७५*

तालिका ४.१ अनुसार सर्वेक्षण गरिएका १२३ जना उत्तरदाताहरू मध्ये २५ देखि ३५ वर्षसम्मका उत्तरदाताहरूको संख्या २१ जना (१७.०७ प्रतिशत) रहेको छ  भने ३५ देखि ४५ वर्षसम्मका उत्तरदाताहरूको संख्या ५७ जना (४७.३४ प्रतिशत) रहेको छ । त्यस्तैगरी ४५ देखि ५५ वर्षसम्मका उत्तरदाता ४० जना (३२.५२ प्रतिशत) रहेको छ । ५५ वर्षभन्दा माथि उमेरका ५ जना (४.०६ प्रतिशत) उत्तरदाता रहेका छन् । उपयुक्त तथ्यबाट के बुझ्न सकिन्छ भने कम उमेरका महिला भन्दा बढी उमेरका महिलाहरूसहकारीमा बढी संलग्न भएको भेटियो । बढी उमेरका महिलाहरू देखिनुमा आर्थिक क्रियाकलापको पाटोमा बढी महिलाहरू सकृय हुने कुराको पुष्टि हुन्छ ।

### ४.२.२ जातजाति

नेपालको जातजाति प्रणाली सामाजिक स्तरीकरणको परम्परागत प्रक्रिया हो । यस अध्ययन क्षेत्रमा समावेश गरिएका १२३ उत्तरदाताहरूमा विभिन्न जातजाति रहेका छन् । ब्राह्मण क्षेत्रीको बाहुल्य अत्याधिक रहेको छ भने जनजाति, दलितको उपस्थिति कम रहेको छ । जनसंख्याको जातिगत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : जातजाती अनुसारको विवरण**

| **जातजाती** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राह्मण | ७९ | ६४.२३ |
| क्षेत्री | २९ | २३.५८ |
| दलित | ९ | ७.३२ |
| जनजाती | ६ | ४.८८ |
| जम्मा | १२३ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

विभिन्न जातिहरूको संलग्नता रहेको यस संस्थामा उत्तरदाताको संख्यामा ब्राह्मण, क्षेत्री, दलित र जनजाति रहेका छन् । ब्राह्मणको संलग्नता ७९ जना (६४.२३ प्रतिशत) क्षेत्री २९ जना (२३.५८ प्रतिशत) रहेको छ । त्यस्तै दलित ९ जना (७.३२ प्रतिशत) छन् भने जनजातिमा ६ जना (४.८८ प्रतिशत) रहेका छन् । जसमा दलित, जनजाति भन्दा ब्राह्मण र क्षेत्रीको संख्या बढी देखियो । संख्यामा दलित र जनजातिको संलग्नता कम भएको देखिन्छ । ब्राह्मण, क्षेत्री जातजातिका महिलाहरू अन्य जातजातिका तुलनामा आर्थिक र सामाजिक चेतना अरु जातजातिको तुलनामा बढी भएको देखिन्छ ।

### ४.२.३ धर्म

धर्मले पनि व्यक्तिको विचारलाई प्रभाव पार्दछ । हिन्दु समुदायका महिलाहरूको स्थिति दयनीय छ । महिलाहरू आफ्ना निर्णयहरू गर्न त्यति स्वतन्त्र छैनन् । बौद्ध धर्ममा महिलाको स्थिति अलि उच्च रहेको छ । अधिकांश निर्णय आफै गर्न स्वायत्त रहेको अवस्था छ । त्यसकारण धर्मका आधारमा पनि मानिसको रहनसहन आदि निर्धारण गर्न सकिन्छ तर यस सहकारीमा विभिन्न जातजाति भएपनि प्राय धेरैले हिन्दु धर्म नै मानेको पाइएको छ । विभिन्न जनसंख्याको धर्म अनुसार विवरण निम्न वृत्तचित्रमा गरिएको छ ।

चित्र ४.१




*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

यस संस्थामा उत्तरदाताको संख्यामा हिन्दु धर्म मान्ने ११७ जना (९५.१२ प्रतिशत) रहेका छन् भने क्रिश्चियन धर्म मान्ने ६ जना (४.८८ प्रतिशत) रहेका छन् । संख्याको आधारमा हिन्दु धर्म मान्ने अत्याधिक रहेका छन् भने क्रिश्चियन धर्म मान्ने न्यून भेटिए पनि अन्य धर्म जस्तैः बौद्ध, इस्लाम मान्ने कोही पनि भेटिएनन् । हिन्दु धर्म परम्परा देखि चलि आएको पुरानो धर्म र बौद्ध, क्रिस्चियन, इस्लाम यस क्षेत्रका लागि नयाँ र भर्खर आयातित रहेको कारण यस अध्ययनमा हिन्दु धर्म मान्नेको बाहुल्यता बढी भेटियो ।

### ४.२.४ वैवाहिक स्थिति

वैवाहिक स्थितिले पनि मानिसको व्यवहारमा प्रभाव पार्दछ । अविवाहित व्यक्तिमा जिम्मेवारी कम हुने भएकाले बचतमा त्यति ध्यान नपुगेको हुन सक्छ भने एकल महिलालाई घरायसी समस्याले गर्दा बचत गर्न नसक्ने हुन्छन् । नमूना छनोट भएका उत्तरदाताहरूको वैवाहिक स्थितिको प्रस्तुती विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.३ : वैवाहिक स्थिति अनुसारको विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | ११७ | ९५.१२ |
| अविवाहित | १ | ०.८१ |
| एकल | ५ | ४.०६ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

सर्वेक्षण गरिएका १२३ जना जसमा विवाहित ११७ जना (९५.१२ प्रतिशत), अविवाहित १ जना (०.८१ प्रतिशत) छन् भने एकल ५ जना (४.०६ प्रतिशत) रहेका छन् । उपयुक्त अवस्थाबाट यस क्षेत्रका उत्तरदाताको वैवाहिक स्थितिलाई हेर्दा सबैको विवाह भइसकेको पाइएको छ । उत्तरदाताहरू विवाहित भएर आफ्नो लागि आफैले केही गर्नुपर्छ आफू सक्षम बन्नुपर्छ भन्ने उद्देश्यका साथ लागेको हुनाले यस सहकारीमा लागेका महिलाहरूको आर्थिक, सामाजिक र साँस्कृतिक रूपमा परिवर्तन आएको कुरा प्रष्ट हुन्छ ।

### ४.२.५ पेशा

पेशाका आधारमा मानिसको आम्दानी निर्भर हुन्छ । अहिलेको समयमा व्यापार व्यवसाय भन्दा पनि कृषिलाई राम्रो मानी सब कृषि तर्फ आकर्षित भएका छन् । यसले मानिसको लवाइ, खवाइ, रहनसहन आदि कस्तो हुन्छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ । नमूना छनोट भएका संस्थाका सदस्यहरूको पेशागत अवस्था तालिका नं. ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : पेशा अनुसारको विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषि | ५९ | ४७.९७ |
| गृहणी | २६ | २१.१४ |
| व्यवसाय | १९ | १५.४६ |
| जागिर | १४ | ११.३८ |
| श्रमिक | ५ | ४.१ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिकानं. ४.४मा पेशाको आधारमा उत्तरदातालाई कृषि, गृहणी, जागिर, व्यवसाय र श्रमिक गरी पाँच भागमा विभाजन गरिएको छ । जसमा यस सहकारीमा लागेका र नमूनामा परेका मध्ये कृषि गर्ने सबैभन्दा बढी ५९ जना (४७.९७ प्रतिशत) छन् । त्यसपछि गृहणीको संख्या जसमा २६ जना (२१.१४ प्रतिशत) छन् । व्यवसाय गर्ने महिलाको संख्या १९ जना (१५.४६ प्रतिशत) रहेका छन् । जागिर गर्ने महिलाको संख्या १४ जना (११.३८ प्रतिशत) छन् भने श्रमिकको संख्या ५ जना (४.१ प्रतिशत) छन् । अधिकांश महिलाहरू कृषिमा बढी आकर्षित भएका र त्यस सम्बन्धी सहकारीबाट तालिम लिएर, ऋण लिएर कृषिमा लागेका र आफ्नो आयआर्जन बढाउन सफल देखिन्छन् । स्थानीय स्तरमा कृषि योग्य भुमी रहेकाले, शिक्षाको कमी, रोजगारीको अवसरको कमी, कृषिलाई नगदे बालीको रूपमा प्रयोग गर्न सकिने भएकाले, कृषिबाट राम्रो आम्दानी लिन सकिने भएकाले यस क्षेत्रमा कृषिमा लाग्ने महिलाहरू धेरै देखिएका छन् ।

### ४.२.६ प्रजनन स्थिति

प्रजनन स्थितिले पनि मानिसको लवाइ खवाइ, काम गराइ आदिमा पार्ने प्रभावमा निर्धारण गर्दछ । जसको थोरै सन्तान छन् तिनीहरूको स्थिति धेरै सन्तान हुनेको भन्दा राम्रो देखिन्छ । नमूना छनोट भएका उत्तरदाताहरू प्रजनन अवस्था तालिका ४.५ मा गरिएको छ ।

**तालिका ४.५ : प्रजनन स्थितिको आधारमा उत्तरदाताको अवस्था**

| सन्तानको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| छोरा | १७५ | ४७.५५ |
| छोरी | १९३ | ५२.४५ |
| जम्मा | ३६८ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका नं. ४.५ मा अध्ययन गरेको संस्थामा उत्तरदाताको प्रजनन स्थिति देखाइएको छ । यिनीहरूमा छोराको संख्या १७५ जना (४७.५५ प्रतिशत) छन् भने १९३ जना छोरीको संख्या (५२.४५ प्रतिशत) रहेका छन् ।

### ४.२.७ पारिवारिक संरचना

वर्तमान समयका मानिसहरू समूहमा काम गर्दा बस्दा सजिलो हुन्छ भन्ने जान्दाजान्दै पनि आफ्नो परिवारबाट अलगिएर एकल परिवार नै मन पराउने गर्दछन् । जुनको केही असर हाम्रा उत्तरदातामा पनि परेको देखिन्छ ।

**चित्र ४.२**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

अधिकांश उत्तरदाताहरू परिवारबाट छुट्टै रहेको कुरा तथ्याङ्कले देखाएको छ । ७१ जना (५७.७२ प्रतिशत) एकल परिवारका रहेका छन् भने ५२ जना (४२.२८ प्रतिशत) संयुक्त परिवारमा बसेका छन् ।समूहमा आवद्ध भएपछि आर्थिक पक्ष सबल हुने भएकोले, आर्थिक स्थिति कमजोर भएकाले एक्लै छुट्टिएर बसेमा कम खर्च हुन्छ भन्ने सोच राख्नाले संयुक्त परिवारमा भन्दा एकल परिवारको बाहुल्यता बढी देखियो ।

### ४.२.८ शैक्षिक स्थिति

शैक्षिक दृष्टिकोणमा हाम्रो देश अझै पिछडिएको छ । त्यसमा पनि महिलाहरू अझै पछाडि रहेका छन् । पुरुषप्रधान देश भएको कारणले गर्दा पनि महिलाहरूको शैक्षिक आधार राम्रो भएपनि अझै उनीहरू पुरुष सरह हुन सकेका छैनन् । विकासको गतिविधिबाट

टाठाबाठाहरूले बढी मात्रामा फाइदा लिइरहेका छन् । यस अध्ययनको क्रममा छनौट गरिएका उत्तरदाताहरूको शैक्षिक स्थिति निम्न तालिकानं. ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ : शैक्षिक स्थितिका आधारमा उत्तरदाताको विवरण**

| पेशा विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १४ | ११.३८ |
| साक्षर | १५ | १२.१९ |
| प्राथमिक शिक्षा | ४४ | ३५.७७ |
| माध्यमिक शिक्षा | ३६ | २९.२७ |
| उच्च माध्यमिक शिक्षा | १० | ८.१३ |
| स्नातक र सो भन्दा माथि | ४ | ३.२५ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका नं ४.६हेर्दा उत्तरदाताहरूको शैक्षिक स्थिति अझै पनि निरक्षरता कायमै देखिन्छ तर यसको संख्या न्यून छ । उत्तरदाताहरू मध्ये १४ जना (११.३८ प्रतिशत) निरक्षर, साक्षरको संख्या १५ जना (१२.१९ प्रतिशत), प्राथमिक शिक्षा हासील गर्ने ४४ जना (३५.७७ प्रतिशत), माध्यामिक शिक्षा सम्म पढ्ने ३६ जना (२९.२७ प्रतिशत), उच्च माध्यमिक शिक्षा हासील गर्ने १० जना (८.१३ प्रतिशत) र स्नातक वा सो माथि शिक्षा हासिल गर्ने ४ जना (३.२५ प्रतिशत) रहेको पाइयो । उत्तरदाताहरूले आफुले त्यत्ति शिक्षा लिन नसके पनि र शिक्षा हासिल गरेर पनि आफु पछाडि परेको कारण आफ्ना सन्ततीहरूलाई राम्रो हुन्छ राम्रो स्कुल पढाएर शिक्षामा अगाडि बढाउने निश्चय गरेका छन् । ब्राह्मण र क्षेत्रीको तुलनामा जनजाति शिक्षामा केही पछाडि परेको यस स्थलगत सर्वेक्षणले देखाएको छ ।

### ४.२.९ सहकारीमा आवद्धताको अवस्था

सहकारी ऐन वि.सं. २०४८ मा बनेपछि सहकारी जागरण आउन थाल्यो । क्रमश जनचेतनामूलक तालिमहरू उपलब्ध हुन थाले । केही गरौं न त भन्ने जनसमुदायमा यसले ठूलो भूमिका खेल्न सक्यो । अन्तरिम संविधान २०६३ ले पनि सहकारीलाई तीन खम्बे अर्थनीति लागु गरेर यसलाई देशको मेरुदण्डको तेस्रो खम्बाको रूपमा हेरेको छ । यही

उद्देश्य स्वरूप सहकारीमा संलग्न महिलाहरू पनि विभिन्न समयमा सहकारीमा प्रवेश गरेका छन् । श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थामा संलग्न महिलाहरू सहकारीमा प्रवेश गरेको अवस्था तालिम नं. ४.७अनुसार तालिकामा प्रस्तुत गरिएको छ ॥

**तालिका ४.७ : सहकारीमा प्रवेश गरेको अवधी**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| २०६७ स्थापनाकाल | २५ | २०.३३ |
| २०७० (१ वर्ष) | ५० | ४०.६५ |
| २०७१ (२ वर्ष) | २८ | २२.७६ |
| २०७२ (३ वर्ष) | ११ | ८.९४ |
| २०७३ (४ वर्ष) | ९ | ७.३२ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका नं. ४.७अनुसार सर्वेक्षण गरिएका १२३ जना उत्तरदाताहरू मध्ये २५ जना (२०.३३ प्रतिशत) सबैभन्दा पहिला वि.सं. २०६७ सालमा सहकारीमा आवद्ध भएका थिए । यहाँ संलग्न हुने मध्येमा सबैभन्दा बढी ५० जना (४०.६५ प्रतिशत) वि.सं. २०७० सालमा रहेका छन् भने २८ जना (२२.७६ प्रतिशत) वि.सं. २०७१ सालमा प्रवेश गरेका छन् । त्यसैगरी ११ जना (८.९४ प्रतिशत) महिला वि.सं. २०७२ सालमा र ९ जना (७.३२ प्रतिशत) वि.सं. २०७३ सालमा सहकारीमा प्रवेश गरेको पाइयो । सहकारी सम्बन्धी चेतनाको विकास हुनु, सहकारीमा लागेका महिलाहरूको देखासिकी गर्नु, सजिलैसँग ऋण लिन सकिने अवस्था भएको कारणले सहकारीमा प्रवेश गरेको पाइयो

### ४.२.१० सहकारीबाट प्राप्त लाभ

कुनै पनि संघसंस्थामा लाग्नुको कारण त्यस संस्थाले आफूलाई प्राप्त हुने फाइदा महत्वपुर्ण हुन्छ । फाइदा हुने भए मात्र मानिस त्यस संस्थामा लाग्दछन् भने फाइदा नहुने देखेमा संस्थामा प्रवेश गर्दैनन् । कयौं प्रवेश गरेपछि पनि फाइदा हुँदैन भन्ने हुन्छन् । यो

मानवीय स्वभाव नै हो । सहकारीमा लागेपछि प्राप्त लाभ सोचेजस्तो फाइदा वा बेफाइदा स्थिति तलको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका ४.८ : सहकारीबाट प्राप्त लाभको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| लाभ प्राप्त | १०२ | ८२.९३ |
| लाभ प्राप्त नभएमा | २१ | १७.०७ |
| जम्मा | १२३ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका नं. ४.८ अनुसार सहकारीबाट फाइदा प्राप्त भएका उत्तरदाताहरू १०२ जना (८२.९३ प्रतिशत) जना पाइयो भने लाभ प्राप्त नभएको भन्ने २१ जना (१७.०७ प्रतिशत) रहेको पाइयो । सहकारीको अवधारणा सम्बन्धित ज्ञान नभएर साथै सहकारीबाट ऋण कर्जा लिन डराएको कारण लाभ प्राप्त नभएको पाइयो ।

### ४.२.११ सहकारीबाट सृजीत नकरात्मक अवस्था

सहकारीमा लागेर भएको बेफाइदा उत्तरदाताको अनुसार साह्रै कम भएको देखिएको छ । जुननिम्न चित्र नं ४.३को बारग्राफबाट प्रष्टाउन सकिन्छ ।

**चित्र ४.३**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

बारग्राफ ४.३ बाट सहकारीमा लागेपछि उत्तरदातालाई भएको बेफाइदा सम्बन्धमा ६ जनाले ऋण नपाएको भनेको पाइएको छ जसको प्रतिशत २८.५७ रहेको छ भने घरमा कल झगडा भयो भन्नेको संख्या ५ जना (२३.८१ प्रतिशत) रहेको छ । अन्यमा आफ्नै छुट्टै समस्या जस्तै : ब्याज नदिएको, सोचे जस्तो नचलेको, बचत धेरै उठाउन नसकेर, सहयोग धेरै भएर, आयआर्जनमा लगानी नगरेर, शुलभ मूल्यमा ऋण नपाएर, राम्रो ब्याज नभएर, लगानी धेरै नहुँदा बचत हुन नपाएर जस्ता समस्या खुलाएका छन् । जसमा १० जना (४७.६२ प्रतिशत) रहेका छन् ।

### ४.२.१२ सहकारीको ऋण उपयोगको अवस्था

आवश्यकता पुर्ति गर्नका लागि कुनै निश्चित समय अवधीका लाीग कुनै नगद वा जिन्सी वस्तु सापटी लिइन्छ भने त्यसलाई ऋण भन्न सकिन्छ घर संचालन, पारिवारिक शिक्षा तथा चल अचल सम्पत्ति आर्जन गर्नको लागि ऋण लिइन्छ ।

**तालिका ४.९ : सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरू**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ऋण लिने | ३४ | २७.६४ |
| ऋण नलिने | ८९ | ७२.३६ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ४.९ मा सहकारीबाट ऋण लिनेको संख्या ३४ जना (२७.६४ प्रतिशत) रहेको छन् भने ऋण नलिएको संख्या ८९ जना (७२.३६ प्रतिशत) रहेको छन् । तुलनात्मक हिसाबमा हेर्दा ऋण लिने भन्दा नलिनेको संख्या बढी देखियो । अन्य आयस्रोत भएर, व्यवसाय वा कुनै काममा लागेर आम्दानी राम्रो भएकाले, पहिलाको ऋण चुक्ता गरेकाले वा ऋण लिने डराएर पनि ऋण नलिनेको संख्या धेरै देखियो ।

### ४.२.१३ ऋण परिचालन र लगानी

व्यक्ति वा संस्थासँग नगद वा जिन्सी सापटी लिनु ऋण हो । यदि संस्था भएमा तमसुक गरी समय अवधी र ब्याज निर्धारण गरी लिइने रकम ऋण हो । ऋण विभिन्न प्रयोजनका लागि लिइन्छ । जस्तै : व्यापार व्यवसाय गर्न, कृषि गर्न, उद्योग धन्दा

खोल्न/सहकारीबाट विभिन्न किसिमका प्रयोजनको लागि शेयर, सदस्यहरूले ऋण लाने गर्दछन् । यिनीहरूको ऋणको प्रयोजन तालिका नं. ४ १० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१० : ऋण परिचालन र लगानी**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि कर्जा | १६ | ४७.०६ |
| व्यापारीक कर्जा | ८ | २३.५३ |
| अन्य (घर व्यवहार कर्जा) | ७ | २०.५९ |
| भन्न नचाहने | ३ | ८.८२ |
| जम्मा | ३४ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

उत्तरदाताले दिएको ऋण मध्ये केही व्यापार व्यवसायमा लगाए पनि केही घर खर्च चलाउन र केही कृषि प्रयोजनका लागि खर्च गरेका छन् । जसमा माथिको तालिका अनुसार कृषि कजामा लैजानेको संख्या १६ जना (४७.०६ प्रतिशत) रहेका छन् । व्यापारीक कर्जा लिनेको संख्या ८ जना (२३.५३ प्रतिशत) रहेको पाइयो । अन्य मार्फत् घर व्यवहार कर्जा भनेर ऋण लैजानेको संख्या ७ जना (२०.५९ प्रतिशत) रहेको छ । त्यसैगरी ३ जना (८.८२ प्रतिशत) ले उत्तर भन्न नचाहेका छन् । उपयुक्त तालिकाबाट सबैभन्दा बढी ऋण कृषि कर्जामा गएको पाइयो । हेम्जामा कृषि योग्य जमीन भएकाले र कृषि क्षेत्रबाट राम्रो आम्दानी हुने भएकाले कृषि कर्जा लिनेको संख्या बढी मात्रमा पाइयो ।

### ४.२.१४ ऋण परिचालनबाट प्राप्त मुनाफाको अवस्था

कुनै संघ संस्थाबाट ऋण लिएर सोलाई लगानी गरी थप आय आर्जन गर्न सकिन्छ भने त्यसलाई प्रस्तुत मुनाफा भनिन्छ । अध्ययनमा छनौट भएका१२३ जना उत्तरदाताहरूमध्ये ऋण लिनेको संख्या जम्मा ३४ जना रहेको छ । जसमा ऋण लिएर लगानी गर्ने र नगर्नेको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका ४.११ : ऋण लिएर लगानी गरेको व्यवसायबाट आम्दानी छ वा छैन**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| मुनाफा आर्जन | २५ | ७३.५३ |
| मुनाफा आर्जन नभएको | ९ | २६.४७ |
| जम्मा | ३४ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ४.११ मा ऋण लिएर आम्दानी गरेका २५ जना (७३.५३ प्रतिशत) छन् भने ऋण लिएर पनि आम्दानी नगरेका ९ जना (२६.४७ प्रतिशत) रहेको पाइयो । व्यवसायिक काममा लगानी गरेकाले मुनाफा भएको पाइयो भने, ऋण लिएको रकम ऋण तिर्नी, घर खर्चमा चलाएको भएकाले मुनाफाबाट आर्जन नभएको देखियो ।

### ४.२.१५ ऋण लगानीबाट प्राप्त आम्दानीको अवस्था

प्रस्तुत अध्ययनमा ऋण लिने उत्तरदाता ३४ जना रहेता पनि उक्त ऋणलाई लगानी गरेर सदुपयोग गर्ने २५ जना मात्र रहेका छन् । तिनै २५ जनाले लगानी गरेको व्यवसायबाट भएको आम्दानीको विवरण तालिका नं.४.१२ मा प्रस्तुत छ ।

**तालिका ४.१२ : ऋण लगानीबाट प्राप्त आम्दानी विवरण**

| विवरण | रकम | संख्या | प्रतिशत |
|---|---|---|---|
| दैनिक | ५००–५००० | १२ | ४८ |
| मासिक | ५०००–१०००० | ११ | ४४ |
| उत्तर दिन नचाहने | – | २ | ८ |
| जम्मा | – | २५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

ऋण लिएर लगानी गरेको व्यवसायबाट दैनिक (५०० -५०००) रकम आम्दानी गर्ने १२ जना (४८ प्रतिशत) छन् । मासिक आम्दानी (५०००-१००००) रकमको हिसाब राख्ने

११ जना (४४ प्रतिशत) छन् भने उत्तर दिन नचाहने उत्तरदाता २ जना (८ प्रतिशत) पाइयो । लगानीको सबैभन्दा बढी दैनिक आम्दानी हुने गरेको पाइयो ।

### ४.२.१६ मुनाफाको परिचालन

संस्थाबाट ऋण लगेर उत्तरदाताहरूले कुन कुन क्षेत्रमा खर्च गर्दा रहेछन् र सोबाट उत्तरदाताहरूको उत्पादक क्षेत्रमा लगानी हुन्छ या अनुत्पादक क्षेत्रमा बढी लगानी हुन्छ, सो बारेमा पहिचान गर्न सकिन्छ ।

**तलिका ४.१३ : खर्चको शीर्षक विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घर संचालन | १५ | ६० |
| पारिवारिक शिक्षा | ८ | ३२ |
| चल/अचल सम्पत्ति आर्जन | २ | ८ |
| जम्मा | २५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका नं. ४.१३ बाट उत्तरदाताहरूले आफुले कमाएको रकम सबैभन्दा बढी घरखर्च र छोराछोरीलाई पढाउन गरेको पाइयो । जसमा घरखर्च चलाउन मात्र प्रयोग गर्ने उत्तरदाताहरू १५ जना (६० प्रतिशत), छोराछोरीलाई पढाउन मात्र प्रयोग गर्ने ८ जना (३२ प्रतिशत) रहेका छन् । चल/अचल सम्पत्ति जोड्न २ जना (८ प्रतिशत) रहेको पाइयो । रोजगारीको अवसर कम भएकाले घर खर्च संचालन गर्न ऋण लानेको संख्या धेरै देखियो भने परिवारका सदस्य वैदेशिक रोजागरमा भएका कारण मासिक खर्च चलाउन अप्ठ्यारो भएकाले पनि घर खर्चमा धेरै संख्या भेटियो ।

# अध्याय पाँच

# महिलाहरूसशक्तिकरण हुनुको कारण

## ५.१ प्रेरणाका स्रोतहरू

चेतनाको विकाससँगै उद्यमशिलतामा पनि लाग्ने भावनाको विकास हुन थाल्यो । क्रमश इष्टमित्र, छरछिमेकी सहकारीमा लाग्दा आफूलाई पनि लाग्न मन लाग्यो ।केहि चेतनशील महिलाहरूले आफैँ एउटा महिलाहरूको समूह बनाएर सहकारी खोले त्यसबाट उद्यमशिल कामहरू, घरेलु तालिम दिने, पशुपालन, व्यवसाय, तरकारी व्यवसाय आदिमा प्रेरणा दिने काम हुन थाल्यो । कोहीले सानातिना पसलहरू जस्तै; खाद्यन्न, खाजा, चिया पसल आदिबाट आफ्नो जिविकोपार्जनको माध्यमलाई सजिलो बनाउने उपाय अपनाउन थाले । आफ्नो घरायसी खर्चका लागि श्रीमानसँग दुई हात थाप्न नपर्ने भयो । उत्तरदाताहरूलाई सहकारीमा लाग्ने प्रेरणाका स्रोतहरूतालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : सहकारीमा लाग्ने प्रेरणाका स्रोतको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| साथी संगत | ७१ | ५७.७२ |
| परिवार | ३३ | २६.८३ |
| आफै | १७ | १३.८२ |
| सहयोगको गतिविधि | २ | १.६३ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.१ अनुसार सहकारीमा लाग्ने प्रेरणा उत्तरदाताहरूलाई आफै, साथी, परिवार र सहयोगको गतिविधिबाट आएको पाइयो ।साथीबाट सहकारीमा लाग्ने ७१ जना (५७.७२ प्रतिशत) छन् । परिवारबाट ३३ जना (२६.८३ प्रतिशत) छन् भने आफै १७ जना (१३.८२ प्रतिशत) र सहयोगको गतिविधिले सहकारीमा लाग्ने २ जना (१.६३ प्रतिशत) रहेका छन् ।

## ५.२ सहकारीमा सहभागिताका उद्देश्य

हरेक काम गर्दा खास उद्देश्य हुने गर्दछ । सहकारी तथा बित्तीय क्षेत्रमा लाग्नुको उद्देश्य आर्थिक सरलता नै हो । व्यक्तिसँगको रकम चर्को ब्याज हुने हुनाले र तिर्ने नतिर्ने जोखिम पनि सम्भावना हुन्छ । यी सबै जोखिमलाई ध्यानमा राखेर एउटा सरल र सहज तरिकाबाट आवश्यकता पर्दा सबैको स-साना जम्मा रकम एक मुष्ठ बनाउँदा त्यसले केही काम गर्न सहज हुने हुनाले एउटा निश्चित नीतिनियम र परिधिभित्र रहेर आर्थिक कारोबार सञ्चालन गरिएको हुन्छ । यसबाट सरसहयोग हुनाले पनि जनमानसको धेरै जमात सहकारीमा लाग्ने प्रेरणा मिलेको छ । आपतकालीन खर्चको आवश्यकतालाई परिपूर्ति गर्दछ । दुखमा साथ दिन्छ भन्ने उद्देश्यले सहकारीमा संलग्न गरेको भेटिन्छ । अमूल्य बचत तथा ऋृण सहकारी संस्थामा लाग्ने उद्देश्यलाई तालिका नं. ५.२ मा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ५.२ : सहकारीमा लाग्नुको उद्देश्य**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक बचत | ८७ | ७०.७३ |
| ऋृण सुविधा | २३ | १८.६९ |
| सामाजिक सहभागिता | १३ | १०.५६ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.२ बाट सहकारीमा १२३ जना उत्तरदातामध्ये ८७ जनाले आर्थिक बचतका लागि सहकारीमा लागेको पाइयो । जसको प्रतिशत ७०.७३ हुन्छ । त्यसैगरी ऋृण सुविधा पाइन्छ भनेर लाग्ने २३ जना (१८.६९ प्रतिशत) छन् । सामाजिक सहभागितामा लाग्नको लागि सहकारीमा प्रवेश गर्नेको संख्या १३ जना (१०.५६ प्रतिशत) रहेको पाइयो । घरमा राख्दा अनावश्यक खर्च धेरै हुने र सुरक्षित पनि नहुने भएकाले, ब्याज नआउने साथै एकमुष्ट मासिक, त्रैमासिक रूपमा बचत गरेको पैसा निकाल्दा ठुला आवश्यकता पुरा गर्न सहज हुने भएकाले आर्थिक बचत गर्नेहरूको संख्या धेरै देखिन्छ ।

## ५.३ अमौद्रिक लाभको अवस्था

सहकारीमा लाग्दा हुने फाइदाहरूको विषयमा उत्तरदाताले धेरै सकारात्मक धारणा राखेका छन् । उनीहरूको सहकारी प्रतिको धारणा सबै परिप्रेक्षमा राम्रो छ । हरेक संघ संस्थामा प्रवेश गर्दा आर्थिक लगायत समयको पनि लगानी गर्नुपर्दछ । मानिसले समय खर्च गरेर प्रवेश गरिसकेपछि त्यसको केही न केही प्रतिफल आउँछ नै जसको आंकडा तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ५.३ : सहकारीमा लाग्दा हुने फाइदाहरूको विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| साथीको वृद्धि/साथीको वृद्धि | ७२ | ५८.५४ |
| समस्याको पहिचान, प्रस्तुती र समाधान | १४ | ११.३८ |
| सार्वजनिक विषयमा छलफल गर्न र उद्यमशील बन्न | १० | ८.१३ |
| संघ संस्थाको नेतृत्व गर्न सक्षम | १ | ०.८१ |
| माथिको सबै | २६ | २१.१४ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.३ मार्फत् सहकारीमा संलगन भए पश्चात साथीहरू बढेकाको संख्या ७२ जना (५८.५४ प्रतिशत) रहेका छन् । त्यसैगरी १४ जनाले आफ्ना समस्याहरूलाई निर्धक्क भन्ने र सामाधान गर्न सकिने बताए जसको (११.३८ प्रतिशत) हुन्छ । समाजमा बोल्न र केही गर्न सकिने महसुस गरेका १० जना (८.१३ प्रतिशत) रहेका छन् । त्यसैगरी संघसंस्थाको नेतृत्व गर्न सकिने १ जना (०.८१ प्रतिशत) रहेका छन् । सहकारीमा लागेपछि माथिका सबै कुरामा फाइदा हुन्छ भन्नेको संख्या २६ (२१.१४ प्रतिशत) रहेको छ ।

## ५.४ सिप विकास र तालिम

सहकारी संस्थामा आवद्ध सदस्यहरूलाई आर्थिक बचत तथा ऋणको साथसाथै अन्य सशक्तिकरण एवम् व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिमहरू सहकारीको उद्देश्य अनुसार दिइदै

आएको हुन्छ । सहकारीताको ७ सिद्धान्त मध्ये शिक्षा, तालिम तथा सूचना अन्तर्गत आफ्ना सदस्यहरूलाई समसामायिक सूचना, ज्ञान, तालिमको माध्यमबाट प्रदान गर्नु सहकारी संस्थाको कर्तव्य हो । सहकारीमा लागेपछि सिप सिक्ने र नसिक्ने उत्तरदाताहरूको स्थिति तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ५.४ : सहकारीमा आवद्ध पश्चात सीप विकास तालिम प्राप्तीको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| तालिम प्राप्त | ३१ | २५.२० |
| तालिम प्राप्त नभएको | ९२ | ७४.८० |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.४ बाट के प्रष्ट हुन्छ भने सहकारीमा लागेपछि पनि तालिम लिएको छैन भन्नेको संख्या ९२ जना (७४.८० प्रतिशत) रहेको छ भने तालिम लिएभन्नेको संख्या ३१ जना (२५.२० प्रतिशत) रहेको छ । जसमध्ये ३१ जनाले कृषि सम्बन्धी तालिम लिएका छन् । सहकारीमा लागेर कृषि सम्बन्धी तालिम लिने मात्र भेटिए यसको मलतब अझै सहकारीले तालिम दिन तथा सिप सिकाउन बाँकी रहेको स्पष्ट हुन्छ । तापनि सिप सिक्नलाई व्यक्तिको इच्छामा पनि भरपर्ने भएकाले सबैलाई सिक्नै पर्दछ भन्ने बाध्यता पनि हुँदैन ।

## ५.५ सहकारीमा अन्तरक्रियाका विषय

सहकारीको मुख्य उद्देश्य एउटै लक्ष्य बोकेको एउटै स्वरका व्यक्तिहरू मिलि आफ्नो संगठन मार्फत् व्यवसायमा बिना शोषण आर्थिक, सामाजिक आवश्यकता परिपुर्ति गर्नु हो । यस संस्थामा संलग्न सदस्यहरूको बीचमा हुने अन्तरक्रिया तालिकाबाट प्रष्टाउन सकिन्छ ।

**तालिका ५.५ : सहकारीमा साथीहरूसँग हुने अन्तरक्रियाको विवरण**

| विषय | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक/ आय आर्जन बचत, ऋण | ९३ | ७५.६१ |
| सामाजिक सहभागिता, चेतना अभिवृद्धि | ३० | २४.३९ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका५.५ बाट सहकारीमा तपाईको साथीहरूसँग कस्ता विषयमा अन्तरक्रिया हुन्छ भनी सोध्दा आर्थिक विषयमा भन्ने उत्तरदाताको संख्या ९३ जना (७५.६१ प्रतिशत) रहेका छन् । सामाजिक विषयमा छलफल हुन्छ भन्नेको संख्या ३० जना (२४.३९ प्रतिशत) रहेका छन् ।

## ५.६ सहकारीमा लैङ्गिक समानता

लैङ्गिक समानता भन्नाले महिला र पुरुषबीच विभेदकारी काम नहुनु हो । जस्तैःएउटै कामको हकमा पनि त्यहि कामको पुरुषको ज्याला केही बढी हुन्छ भने त्यही काममा महिलाको केही घटी हुन्छ । यस्तो विभेदकारी भावनाले महिलाहरू जहिले पनि पछाडि नै परिराखेका हुन्छन् ।

**तालिका ५.६ : लैङ्गिक समानताप्रतिको धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी भएको | ८८ | ७१.५४ |
| जाानकारी नभएको | ३५ | २८.४६ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका५.६ बाट लैङ्गिक समानताका बारेमा जानकारी छ भन्नेको संख्या ८८ जना (७१.५४ प्रतिशत) रहेको छ भने जानकारी छैन भन्नेको संख्या ३५ जना (२८.४६ प्रतिशत) रहेको छ ।

समय सापेक्ष छोरीलाई पनि शिक्षा छोराको जति नै भन्ने भावनामा बिस्तारै विकास हुँदै गएको छ । किनकी लैङ्गिक समानताको विषयमा पनि १२३ जना उत्तरदाता मध्येमा ८८ जनाले जानकारी पाउनु राम्रो पक्ष हो । अझ यसमा सत प्रतिशतले नै यो सम्बन्धी ज्ञान लिन सकेमा बढी महिलामा अग्रसरता आउने थियो ।

## ५.७ महिला र आर्थिक सहभागिता

पितृप्रधान देश भएको हुनाले यहाँको अधिकांश मानिसहरू अझै पनि छोराको पर्खाइमा बसेको पाइन्छ । परम्परादेखि नै सबै नियम कानुनहरू पुरुषलाई नै अगाडि सारेर

बनाएको पाइन्छ । छोराले वंश धान्ने भन्ने मान्यताले समाजमा तितो जरो गाडेको छ । आर्थिक सहभागिता देखि ठुलो-ठुलो निकायमा पुरुषहरूको बाहुल्यता बढी रहेको छ ।

**तालिका ५.७ : आर्थिक सहभागितामा पुरुष सरह नहुनुको कारण**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षा | ३९ | ३१.७१ |
| घरायासी कार्यमा मात्र सिमित | ३० | २४.३९ |
| महिला भएको कारण | १२ | ९.७६ |
| पितृसतात्मक सोच | ९ | ७.३२ |
| माथिका सबै | ३३ | २६.८३ |
| जम्मा | १२३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

आर्थिक सहभागितामा पुरुष सरह नहुनुको कारण महिलालाई सोध्दा अशिक्षाको कारणले भन्ने ३९ जना (३१.७१ प्रतिशत) रहेका छन् । घर व्यवहार चुलोचौकोमा मात्र सिमित ३० जना (२४.३९ प्रतिशत) रहेका छन् । महिला भएको कारण १२ जना (९.७६ प्रतिशत) रहेका छन् । पितृसतात्मक सोचको कारण भन्ने ९ जना (७.३२ प्रतिशत) छन् भने माथिका सबैको कारणले भन्ने उत्तरदाता ३३ जना (२६.८३ प्रतिशत) रहेका छन् । अशिक्षाको कारण ज्ञान तथा चेतनामा कमी भएकाले, महिला भएका कारण घरायासी काममा मात्र सिमित हुनुपर्छ भन्ने धारणाले गर्दा र पितृसतात्मक सोचका कारणले महिलाहरू आर्थिक सहभागितामा पुरुष सरह नभएको भेटियो ।

## ५.८ वैयक्तिक अध्ययन (प्राथमिक तथ्याङ्कको प्रस्तुती)

श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थामा आवद्ध विभिन्न उमेर समूह जातजातिका विभिन्न खालका काममा लागेका महिला दिदीबहिनीहरूमध्ये ४ जना महिलाहरूको बारेमा व्यक्तिगत अध्ययन गरिएको छ । उमेरका आधारमा, जातीय आधारमा, पेशाका आधारमा, वैवाहिक स्थिति, शैक्षिक स्थिति समेतलाई आधार मानिएको छ । यसबाट

महिलाहरूको आर्थिक, सामाजिक विकास, व्यक्तित्व विकास उधमशिलता विकासको बारेमा जानकारी मिलेको छ । यसमा प्रत्यक्ष रूपमा महिला दिदीबहिनीहरूलाई भेटी अध्ययन गरिएको छ ।

## वैयक्तिक अध्ययन–१

मेरो नाम कुष्ण कुमारी त्रिपाठी (नाम परिवर्तन) हो । मेरो जन्म २०२८ साल चैत्र ५ गते शेरचौर गा.वि.स. कास्की जिल्लामा पिता जयलाल अधिकारी र माता देवकी अधिकारीको कोखबाट भएको थियो । २०४५ मंसिर २१ गते १८ वर्षको उमेरमा प्रकाश त्रिपाठीसँग विवाह पश्चात हाल म पोखरा महानगरपालिका हेम्जामा बस्छु । मेरा ४ सन्तान मध्ये २ वटा छोरा र २ वटा छोरी रहेका छन् । एस.एल.सी. पास गरेपनि म पेशाले कृषिमा संलग्न छु । म विवाह पछि कृषि पेशामै आवद्ध रहदै विगत ४ वर्षदेखि (२०७२ सालबाट) श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारीमा अध्यक्ष पदमा रही काम गर्दै आएकी छु । म यस बाहेक अरु सहकारीमा पनि शेयर सदस्य रहेकी छु । मैले सहकारीको सदस्य पदमा र अध्यक्ष पद दुवैमा हुँदा नै आफ्ना संघका सदस्यहरूलाई आयआर्जनको कार्यदेखि लिएर विभिन्न किसिमका तालिमको व्यवस्था गराई महिला दिदीबहिनीको क्षमता, चेतनामा वृद्धि ल्याउनुका साथै आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेकी छु । यस सहकारी भित्र कृषि तालिमलाई बढी प्राथमिकता दिएको र त्यसबाट धैरै महिलाहरू प्रभावित भई कृषि क्षेत्रमा राम्रो गर्दै आफ्नो आम्दानी बढाएका छन् । जसको कारण उनीहरूको आर्थिक स्तरको पनि वृद्धि भएको छ । म आफु पनि एक सफल कृषकको रूपमा रहेकी छु । यस सहकारीको माध्यमद्वारा अन्यायमा परेकालाई न्याय दिलाउने, गरिब तथा असाहाय महिला तथा बालबालिकालाई केहि मात्रामा अनुदान दिएर सहयोग गर्ने जस्ता कार्यहरू भएका छन् । मेरो विचारमा सहकारीको माध्यमबाट महिलाहरूको आर्थिक विकास भएको छ । आम्दानी हुने हुनाले महिला दिदिबहिनी आफैमा आत्मनिर्भर बनेका छन् । समस्याको समाधान गर्न सक्ने भएका छन् । महिलाहरू सक्षम तथा निडर बनेका छन् । महिलाले महिलाको लागि आवाज उठाउन सक्ने भएका छन् । घरको चुलोचौकाबाट हटेर बाहिर पनि केहि गर्न सक्षम भएका छन् ।

## वैयक्तिक अध्ययन–२

मेरो नाम शीला विश्वकर्मा (नाम परिवर्तन) हो । मेरो जन्म २०३३ साल भरतपोखरी तोरीचौरमा भएको हो । म श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थामा एक सदस्यको रूपमा छु । मलाई सहकारी सम्बन्धी त्यत्ति थाहा नभएको हुँदा यस सहकारीकै अध्यक्ष तथा अन्य मेरा साथीहरूबाट जानकारी प्राप्त भई म यस सहकारीको शेयर सदस्यमा संलग्न भएकी थिए । मेरा १ छोरा र १ छोरी छन् । प्राथमिक शिक्षा हासिल गरेपनि म पेशाले कृषि क्षेत्रमा लागेकी छु । मैले सहकारीबाट दिइएको कृषि कार्यक्रममा सहभागी भई, त्यहाँबाट धेरै कुरा सिकि कृषि क्षेत्रमा राम्रो गर्न सकेकी छु । सहकारीबाट ७,००० ऋण लिएर तरकारी व्यवसाय सञ्चालन गर्दै मैले मेरो परिवार राम्रोसँग पालनपोषण गर्न सकेकी छु ।

## वैयक्तिक अध्ययन–३

मेरो नाम पूर्णकला त्रिपाठी (नाम परिवर्तन) हो । मेरो जन्म २०१८ साल जेष्ठ १५ गते धिताल गा.वि.स.मा भएको थियो । म सामान्य पढ्न सक्छु लेख्न भने सक्दिन । मेरो सानै उमेरमा विवाह भएको थियो । मैले पढ्न नपाएको हुनाले साह्रै दुःख पाएकी छु । दिपक त्रिपाठीसँगको दाम्पत्य जिवनमा मेरा १ छोरा र ३ छोरीको लालनपालन मैले राम्रोसँग गरेकी छु । २०७१ सालमा श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारीमा साथीहरूको सल्लाह अनुसार लाएपछि मैले सहकारीबाट ऋण लिएर ३ वटा टर्नेल बनाएर त्यसमा तरकारी खेती गरी त्यसबाट राम्रो आम्दानी लिएकी छु । त्यस आम्दानीबाट बचत तिर्न सक्ने, छोराछोरीको स्कुलको फि तिर्न मद्दत मिलेको, घर खर्चमा पनि सहयोग पुगेको छ । सहकारीले गर्दा मलाई चाहिने ऋण लिन व्यक्तिको घरमा जानुपर्दैन, अरुसँग हात जोडी चर्को ब्याजमा पैसा सापट लिनुपर्दैन । त्यसैले मलाई सहकारी अत्यन्तै उपयोगी भएको लाग्दछ ।

## वैयक्तिक अध्ययन–४

मेरो नाम धनकुमारी छन्त्याल (नाम परिवर्तन) हो । मेरो जन्म २०२७ साल जेठ महिना म्याग्दी गाउँमा भएको हो । म हाल पोखरा महानगरपालिका हेम्जा २५ म्याग्दी टोलमा बस्छु । मेरा ४ वटा छोरी र १ छोरा छन् । म पेशाले व्यापारमा संलग्न छु । म श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थामा एक सक्रिय सदस्य रहेकी छु । म

समाज सेवा तथा संघसंस्थामा काम गर्न रुचि राख्दछु। मेरो विचारमा सहकारी नै त्यस्तो माध्यम हो जसले सामान्य व्यक्तिहरूलाई आफ्नो गर्जो टार्नको लागि अन्य व्यक्तिसँग हात फैलाउनुपर्दैन । सहकारीको माध्यमबाट थुप्रै महिलाहरूको क्षमता, चेतनाको विकासको साथै आर्थिक रूपमा पनि राम्रो प्रभाव परेको छ । सहकारीबाट ऋण लिएर सानो खाजा घर ( होटेल) सञ्चालन गर्न मलाई टेवा मिलेको छ र अहिले त्यहि व्यवसाय फस्टाउँदै गएर राम्रो आम्दानी भएको हुँदा मैले सहकारीबाट लिएको ऋण सबै चुक्ता गरिसकेकी छु । पुरुषले जस्तै यस समाजमा महिलाले पनि केहि गरेर देखाउन सक्छन् जस्तो मलाई लाग्दछ । प्राथमिक शिक्षा पढ्दापढ्दै मेरो सानो उमेरमा बिहे भई पढ्न नपाएको र त्यत्ति बेला पढेकी छोरीलाई समाजले हेर्ने दृष्टिकोण नकरात्मक भएको हुनाले मैले धेरै दुःख कष्ट भोग्नुपरेको थियो । मेरो विचारमा सहकारीलाई अझै अगाडि बढाउनको लागि सहकारीले बेला बेलामा महिलालाई सक्षम बनाउने खालका गोष्ठिहरू सञ्चालनमा ल्याउनु पर्दछ । नयाँ नयाँ सिप र आर्थिक विकासका पक्षहरू थपेर, अरु सहकारीहरूसँग हातेमालो गर्नुपर्दछ । सक्षम महिलालाई मात्र नभई कमजोर महिलालाई ध्यानमा राखी त्यस्तै अनुरूपले कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

# अध्याय : छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. का माध्यमबाट यसमा आवद्ध महिलाहरूमा आएको सशक्तिकरणको अध्ययनको क्रममा महिलाहरूसशक्तबढ्दै छन् र सशक्तिकरणमा स्वयमको भुमिका छ भनी समस्याको कथन अध्ययन गरिएको छ भने उनीहरूको आर्थिक तथा सामाजिक अवस्थाको पहिचान गरिएको छ । पोखरा महानगरपालिका हेम्जा वडा नं. २५ मा अवस्थित यस सहकारी संस्थामा आवद्ध महिलाहरूमा आएको सशक्तिकरणको अध्ययन हो ।

लैङ्गिक विकास सिद्धान्तलाई समेटिएको यस अध्ययनमा लैङ्गिकता भित्रकोमहिला र विकास सिद्धान्तलाई आधारित गरेर अध्ययनलाई अगाडि बढाइएको छ । यस क्षेत्रमा सहकारीमा आवद्ध महिला सदस्यमा पारेको आर्थिक र सामाजिक प्रभावहरूको पहिचान नभएको र गर्न आवश्यकता रहेकाले यो अध्ययन गरिएको हो । यस सहकारीमा संलग्न शेयर सदस्यहरूलाई “अनुसन्धान गतिविधिहरू शैक्षिक र मनोवैज्ञानिक मापनको लागि नमूना आकार निर्धारण तालिका (१९७०)” बाट उद्देश्यमूलक नमूना छनोट विधि पद्धती अनुसार १२३ जना महिला सदस्यहरूलाई छनौट गरेर वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको अवलम्बन गर्नुका साथै प्राथमिक र द्वितीय खालका स्रोतहरू प्रयोग गरी सूचना संकलन गरिएको छ । अध्ययनलाई आवश्यक पर्ने प्राथमिक र द्वितीय, संख्यात्मक र गुणात्मक तथ्यहरूलाई अध्ययनको उद्देश्य अनुसार वृत्तचित्र, तालिकीकरण र वारग्राफद्वारा विश्लेषण गरिएको छ ।

**मुख्य प्राप्तीहरू**

१. उत्तरदाताहरूको जनसांख्यिक तथा उमेरलाई हेर्दा २५-३५ वर्षका १७.०७प्रतिशत, ३५-४५ वर्षका ४७.३४प्रतिशत, ४५-५५ वर्षका ३२.५२प्रतिशतर ५५ वर्ष भन्दा माथिका ४.०७प्रतिशत रहेको पाइयो ।

२. जातजातीका आधारमा ब्राह्मण ६४.२३प्रतिशत, क्षेत्री २३.५८प्रतिशत, दलित ७.३२प्रतिशत र जनजाती ४.८८प्रतिशत पाइयो ।

३. उत्तरदाताहरूको धार्मिक अवस्थालाई हेर्दा ९५.१२ प्रतिशत हिन्दु र ४.८८प्रतिशत क्रिश्चियन रहेका छन् । यसको अध्ययनबाट हिन्दुको बाहुल्यता रहेको पाइन्छ ।

४. वैवाहिक स्थितिका आधारमा १२३ जना मध्ये ९५.१२ प्रतिशत विवाहित, ०.८१प्रतिशत अविवाहित र एकल महिला ४.०६प्रतिशत रहेको पाइयो ।

५. पेशाका आधारमा हेर्दा ४७.९७प्रतिशत कृषि, २१.१४प्रतिशत गृहणी,११.३८प्रतिशतजागिर, १५.४६प्रतिशत व्यवसाय र ४.१प्रतिशतश्रमिक रहेका छन् । यस अध्ययनमा कृषि पेशामा आवद्ध हुनेहरू धेरै रहेका देखिन्छ ।

६. प्रजनन स्थितिका आधारमा १२३ जना उत्तरदाताहरू मध्येका ४७.५५प्रतिशत छोरा र ५२.४५प्रतिशतछोरीहरू रहेको पाइन्छ ।

७. पारिवारिक संरचनाका आधारमा ५७.७२प्रतिशत एकल र ४२.२८प्रतिशत संयुक्त परिवारमा बस्ने गरेको पाइयो ।

८. शिक्षाको आधारमा संलग्न उत्तरदाताहरूमध्ये ११.३८प्रतिशत निरक्षर रहेको पाइयो । १२.१९प्रतिशत साक्षर, ३५.७७प्रतिशत प्राथमिक शिक्षा, २९.२७प्रतिशत माध्यामिक शिक्षा, ८.१३प्रतिशतउच्च माध्यामिक शिक्षा र ३.२५प्रतिशतस्नातक वा सोभन्दा माथिको शिक्षा लिएको देखिन्छ ।

९. २०.३३प्रतिशत२०६७, ४०.६५प्रतिशत २०७०, २२.७६प्रतिशत २०७१, ८.९४प्रतिशत२०७२ र ७.३२प्रतिशत २०७३ सालमा सहकारीमा आवद्ध भएको पाइयो ।

१०. सहकारीबाट फाइदा भयो भन्ने ८२.९३प्रतिशत र बेफाइदा भयो भन्ने १७.०७प्रतिशत भएको पाइएको छ ।

११. सहकारीमा आवद्ध भएपश्चात् भएका बेफाइदा सम्बन्धमा ऋण पाइएन भन्नेमा २८.५७ प्रतिशत, घरमा कलह भयो भन्ने २३.८१प्रतिशत र अन्य कारण देखाउनेमा ४७.६२प्रतिशतरहेको पाइन्छ ।

१२. सहकारीबाट ऋण लिने २७.६४प्रतिशतर ऋण नलिने ७२.३६प्रतिशत रहेका छन् ।

१३. ऋणको प्रकतिलाई हेर्दा व्यापारिक कर्जामा २३.५३प्रतिशत कृषि कर्जामा ४७.०६प्रतिशत अन्य(घर व्यवहार कर्जा) मा २०.५९प्रतिशत र उत्तर भन्न नचाहेमा ८.८२प्रतिशत रहेको छन् ।

१४. ऋण लिएर लगानी गरेका ७३.५३प्रतिशत र लगानी नगरेका २६.४७प्रतिशत रहेका छन् ।

१५. ऋण लिएर लगानी गरेको व्यवसायबाट आम्दानी दैनिक ४८ प्रतिशत, मासिक ४४ प्रतिशत र उत्तर नचाहने ८प्रतिशत रहेका छन् ।

१६. सहकारीबाट ऋण लिएर लगानी गरी उत्पादन वृद्धिबाट आम्दानी गरेको रकम उत्तरदाताको घर खर्च गर्ने ६०प्रतिशत, छोराछोरीको शिक्षणको खर्च ३२प्रतिशतर चल अचल सम्पत्ति जोड्न भन्नेमा ८प्रतिशत रहेको पाइयो ।

१७. सहकारीमा १३.८२प्रतिशत आफै, ५७.७२प्रतिशत साथी, २६.८३प्रतिशत परिवार र १.६३प्रतिशत सहयोगको गतिविधिले लागेको पाइयो । यस अध्ययनमा साथीको प्रेरणाले सहकारीमा लाग्नेको संख्या धेरै रहेको पाइयो ।

१८. सहकारीमा आर्थिक बचतका लागि लाग्नेको ७०.७३प्रतिशत, १८.६९प्रतिशत ऋण सुविधा र १०.५६प्रतिशतसामाजिक सहभागिताका लागि लागेको पाइयो ।

१९. सहकारीमा लाग्दा साथीहरू बढे भन्नेको संख्या ५८.५४प्रतिशत, आफ्ना समस्याहरूलाई निर्धक्क भन्ने र समाधान गर्न सकिने १३.३८प्रतिशत, समाजमा बोल्न र केही गर्न सकिने ८.१३प्रतिशत, संघसंस्थाको नेतृत्व गर्न सकिने ०.८१प्रतिशत र माथिका सबै भन्नेहरूको संख्या २१.१४प्रतिशत रहेका छन् ।

२०. सहकारीमा आवद्ध सिप/तालिम लिएको वा नलिएकोमा तालिम लिएको छु भन्नेमा २५.२०प्रतिशत र तालिम लिएको छैन भन्नेमा ७४.८०प्रतिशत रहेका छन् ।

२१. सहकारीमा लागेर राम्रो भएको छ भन्नेहरूमा ६३.४१प्रतिशत र ठिकै भएको छ भन्नेमा ३६.५९प्रतिशत रहेको पाइयो ।

२२. सहकारीमा आर्थिक विषयमा साथीहरूसँग अन्तरक्रिया हुन्छ भन्नेको संख्या ७५.६१प्रतिशत र सामाजिक विषयमा हुन्छ भन्नेमा २४.३९प्रतिशत रहेको छन् ।

२३. एक्लैले काम गर्दा वा समूहमा काम गर्दा कुन सहज हुन्छ भन्नेमा एक्लै काम गर्दा सहज हुन्छ भन्नेको संख्या ०.८१प्रतिशत र समूहमा काम गर्दा सजिलै हुन्छ भन्नेमा ९९.१९ प्रतिशत भेटियो ।

२४. लैङ्गिक समानताका बारेमा जानकारी छ भन्नेको संख्या ७१.५४प्रतिशत रहेका छन् भने थाहा छैन भन्नेमा २८.४६प्रतिशत रहेका छन् ।

२५. आर्थिक सहभागिता पुरुष सरह नहुनुको कारणमा उत्तरदाताहरूमा अशिक्षाको कारण भन्ने ३१.७१प्रतिशत, घर व्यवहार चुलोचौकामा मात्र सिमित भन्ने २४.३९प्रतिशत, महिला भएको कारण भन्ने ९.७६प्रतिशत पितृसतात्मक सोचको कारण भन्ने ७.३२प्रतिशत र माथिका सबै भन्नेमा २६.८३प्रतिशत रहेका छन् ।

२६. सहकारीलाई अगाडि बढाउन थाल्नुपर्ने कदमहरूमा लैङ्गिकताको बारेमा जनचेतना फैलाउने, न्यूनतम ब्याजदरमा ऋण उपलब्ध गराउने, सक्षम महिलाहरूलाई मात्र नभई कमजोर महिलाहरूलाई पनि ध्यानमा राखी त्यस्तै अनुरूपले सञ्चालन गर्ने जस्ता अन्य थुप्रै कुराहरूमा ध्यान दिनुपर्ने बताएको पाइयो ।

२७. आर्थिक विकास भएको, आम्दानी हुने हुनाले महिलाहरू आफैमा आत्मनिर्भर बनेका, घरको चुलोचौकाबाट हटेर बाहिर पनि केहि गर्न सक्षम भएका जस्ता पक्षहरू सहकारीको माध्यमद्वारा महिलामा आएको सशक्तिकरण रहेको छ ।

## ६.२ निष्कर्ष

यस अध्ययनबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि अध्ययनमा समावेश भएका महिलाहरू सहकारीमा आवद्ध भएपछि तिनीहरूमा चेतनाको अभिवृद्धि, सामाजिक सद्भावका साथै घर व्यवहार सञ्चालन गर्ने र सानोतिनो आर्थिक क्रियाकलापमा सञ्चालन गर्ने र सानोतिनो आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुगेको देखिन्छ ।

सहकारीमा आवद्ध भइसकेपछि महिलारूपमा कुनै न कुनै रूपले आर्थिक सम्बन्धी कुरारूपमा बढी चासो हुने, व्यवहार गर्ने आँट आउने र बचत गर्ने बानीले विकाससँगै स-सानो समस्यारूप आफैले समाधान गर्न सक्षम हुन सक्छन् । सो कुराबाट पुष्टि हुन्छ कि सहकारीमा आवद्ध भएपछि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिलाहरूमा सशक्तिकरण आएको भन्न सकिन्छ ।

लैङ्गिक विकास सिद्धान्तलाई समेटिएको यस अध्ययनमा लैङ्गिकता भित्रको महिला विकास सिद्धान्तलाई आधारित भएर अध्ययन गर्दा यो कुराको पुष्टि हुन्छ कि सहकारीमा लागेका महिलाहरूमा कुनै न कुनै रूपले आर्थिक सम्बन्धी कुराहरूमा बढी चासो हुने, व्यवहार गर्ने आट आउने र बचत गर्ने बानीको विकाससँगै स-साना समस्याहरू आफैले समाधान गर्न सक्षम भएको पाइन्छ । सो अध्ययनले प्रमाणित गर्छ कि सहकारीमा आवद्ध भएपछि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिलाहरूमा सशक्तिकरण देखिएको छ ।

# सन्दर्भ सामग्री


उप्रेती, लय प्रसाद (१९८८), *विमन एण्ड क्रेडिट इन नेपाल,*काठमाण्डौं : केहि उपलब्धि तथा सीमाहरूको अवलोकन, महिला र विकास केन्द्र ।

खरेल, लेखनाथ (२०७३), *वर्तमान सहकारी आवाज,*काठमाण्डौंः बैकुण्ठराज भण्डार ।

गुरुङ, बखान सिंह (२०६८), *सहकारी अग्रजहरूको परिचय,* पोखराः पोखरा रोयल सहकारी संस्था लिमिटेड ।

चन्द्र, राजन (२०६८), *घरायसी निर्णय प्रक्रियामा क्षेत्री महिलाहरूको भुमिका, एक समाजशास्त्रीय अध्ययन,* समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, त्रि.वि., काठमाण्डौं ।

ढकाल, सुदर्शन प्रसाद (२०६७), *सामाजिक आर्थिक विकासका लागि सहकारी अर्थव्यवस्था,* काठमाण्डौं : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्युट्स प्रा.लि. ।

ढकाल, श्रीराम (२०७०), *शिशुवा महिला बचत तथा ऋण सहकारी संस्थामा आवद्ध महिलाहरूको आर्थिक अवस्थामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस, मानविकी तथा समाजशास्त्र विभाग ।

तिमिल्सिना, संगिता (२०७४), *सहकारीका माध्यमबाट महिलामा आएको सशक्तिकरण, कर्मशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कास्की पोखरामा आधारित एक अध्ययन,* अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र विभाग ।

दाहाल, रमेश कुमार (२००२), *आइडेन्टीफिकेशन अफ राट कज अफ ग्रल ट्राफिकिङ्ग,* अ केस स्टडी अफ मेची नगरपालिका ।

न्यौपाने, बमबहादुर (२०७३), *वर्तमान सहकारी आवाज,* कपन काठमाण्डौं : बैकुण्ठराज भण्डारी ।

पौड्याल, हिमराज (२०६८), *महिला सशक्तिकरणका लागि पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकार सम्बन्धी, सेती दोभान गा.वि.स.को एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र, मानवशास्त्र विभाग ।

पौडेल, नारदमणि (२०५६), *सहकारी संवाद,* ललितपुरः राष्ट्रिय सहकारी विकास बोर्ड, पुलचोक ।

बडाल, केशवप्रसाद (२०६८), *सहकारी शब्दकोष र सामान्य ज्ञान,* पोखराः पोखरा रोयल सहकारी संस्था लिमिटेड ।

बडाल, केशवप्रसाद (२०६७), *चीनको अर्थ राजनीति र सहकारी,* काठमाण्डौंः नेपाल, राष्ट्रिय प्रकाशन समूह ।

बाल्टीवाला, श्रीलथा (१९९४), *वोमन्स इम्पावरमेन्ट इन साउथ एसिया* : कन्सेष्ट्स एण्ड प्राक्टिसेस, दिल्लीः एफ ए ओ/एफ एफ एच सी ।

भट्टराई, सिता (२०६६), *बचत तथा ऋण सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक स्थितिमा पारेको प्रभाव, सृजना महिला बचत तथा ऋण सहकारी संस्था, पोखराको एक अध्ययन,* अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र, मानवशास्त्र विभाग ।

मैनाली, गोपीनाथ (२०७५), *सहकारी निकायहरू,* पोखरा : पोखरा रोयल सहकारी संस्था लिमिटेड ।

राष्ट्रिय योजना आयोग (२०६४), *तीन वर्षे वार्षिक अन्तरिम योजना,* काठमाण्डौं ।

राष्ट्रिय सहकारी बैङ्क लिमिटेड (२०६८), *सहकारी निकायहरू,* पोखराः पोखरा रोयल सहकारी संस्था लिमिटेड ।

सहकारी तथा गरिबी निवारण मन्त्रालय (२०७०/०७१), कस्के*ली सहकारी संक्षिप्त झलक आर्थिक वर्ष ।*

सहकारी विभाग (२०६८), *सहकारीसँग सम्बन्धित निकाय र संघहरू,* महेन्द्रपुल पोखराः पोखरा रोयल सहकारी संस्था लिमिटेड ।

सुवेदी, प्रतिभा (१९८९), *नेपाली वोमन राइजीङ,* काठमाण्डौं: वोमन अवारनेस सेन्टर ।

Amaza, P.S., P.V. Kwagbe, and A.A. Amos. (1999). *Analysis of Women Participation in Agricultural Co-operatives:*Case Study of Borno State, Nigeria. Annuals of Borno 15/16:187-196.

Datta, P.B. and Gailey, R. (2012). *Empowering Women Through Social Entrepreneurship: Case Study of a Women's Cooperative in India.* Entrepreneurship Theory and Practice. doi: 10.1111/j.1540-6520.2012.00505.X

Jones, Elaine, Sally Smith and Carol Wills (2012). Women Producers and the Benefits of Collective Forms of Enterprises. *Gender and Development*. 20:1, 13-32.

Lidgerwood, J. (1999). *Co-operative Finance Handbook: An International Perspective.* Washington D.C.: World.

Manandhar, C.P. (2009). *Co-operatives Tools for Agriculture Development in Nepal,* Masters Degree thesis in Sociology, Submitted to the Faculty of Humanities and Social Sciences, Department of Sociology/Anthropology Prithivi Narayan Campus, Pokhara, Nepal.

Misra, Bijesh (2013). In Articles, *Assignment Term Paper: Economic Implication of Co-operative Movement in Nepal*.

NRB, (2007). A *Glimpse of Nepal's Macroeconomic Situation, Co-operative Finance Department*, Nepal Rastra, Baluwatar, Kathmandu.

Siwal, G. (2003). *Literary Education and Women's Empowerment in Regmi, Ram Krishna (ed. 2003)*: Sustainability, The lasting fuel, forum for Sustainable Development Nepal.

# अनुसूची १

## अन्तरवार्ता अनुसूची

## श्री अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्थाका महिलाहरूको समाजशास्त्रीय अध्ययन

नाम : ....................................  ठेगाना : .................................

उमेर : ...................................  जाती : ...................................

धर्म : ................  पेशा : ........................

परिवारको संख्या : .......................  परिवारको आकार : ......................

वैवाहिक स्थिति : ...............................

१. यदि विवाहित भए तपाईका सन्तान कति छन् ?

क) छोराको संख्या ...........  ख) छोरीको संख्या

ग) धर्मपुत्र/धर्मपुत्री ................

२. शैक्षिक स्तर

क) निरक्षर  ख) साक्षर  ग) प्राथमिक शिक्षा

घ) माध्यमिक शिक्षा  ङ) उच्च माध्यमिक शिक्षा  च) स्नातक र माथि

३. सहकारीमा लाग्ने प्रेरणा कसबाट प्राप्त भयो ?

क) आफै  ख) साथी  ग) परिवार  घ) सहयोगको गतिविधि

४. सहकारीमा लाग्नुको उद्देश्य के हो ?

क) आर्थिक बचत  ख) ऋण सुविधा  ग) सामाजिक सहभागिता

घ) अन्य

५. सहकारीमा लागेपछि तपाईले सोचेजस्तो फाइदा भयो ?

क) भयो  ख) भएन

६. सहकारीमा लागेपछि अन्य फाइदा के-के भए ?

क) साथीहरू बढे ख) आफ्ना समस्यालाई निर्धक्क भन्ने र सामाधान गर्न सकिने

ग) समाजमा बोल्न र केही गर्न सकिने घ) संघसंस्थाको नेतृत्व गर्न सकिने

ङ) माथिका सबै

७. सहकारीमा लागेपछि केही बेफाइदा भएको छ, छ भने केमा भएको छ ?

क) ऋण पाइएन ख) कार्यक्रममा हिड्दा आफ्नो पैसा खर्च भयो

ग) घरमा कलह भयो घ) अन्य

८. सहकारीमा लागेपछि आफ्नो आयआर्जन बढाउन तालिम लिनुभयो ?

क) लिए ख) लिएको छैन

९. सहकारीबाट तपाईले कुनै ऋण लिनुभएको छ ?

क) छ ख) छैन

१०. यदि लिनुभएको छ भने कस्तो खालको कर्जा लिनुभएको छ ?

क) व्यापारिक कर्जा ख) कृषि कर्जा

ग) स्वरोजगार कर्जा घ) अन्य

११. तपाईले लगानी गरेको व्यवसायबाट आम्दानी गर्नुभएको छ ?

क) दैनिक ख) मासिक ग) त्रैमासिक घ) वार्षिक

१२. तपाईले कमाएको पैसा के मा खर्च गर्नुहुन्छ ?

क) घर खर्च ख) छोराछोरीलाई पढाउन ग) मनोरञ्जन खर्च

घ) चल/अचल सम्पत्ति जोड्न ङ) तीर्थव्रत वा भ्रमण गर्न च) अन्य

१३. सहकारीमा साथीहरूसँग के कस्ता अन्तरक्रिया हुन्छन् ?

क) आर्थिक विषयमा ख) सामाजिक विषयमा ग) राजनैतिक विषयमा

घ) शैक्षिक विषयमा ङ) मनोरञ्जनका विषयमा च) आन्तरिक विषयमा

१४. तपाईलाई लैङ्गिकताका बारेमा जानकारी छ ?

क) छ ख) छैन

१५. यदि थाहा छ भने लैङ्गिक समानताको बारेमा बताउनुहोस् ?

.........................................................................................

१६. आर्थिक क्षेत्रमा महिला सहभागिता पुरुष सरह नहुनुका कारणहरू के होलान् ?

क) अशिक्षा ख) घरायासी कार्यमा मात्र सिमित

ग) महिला भएको कारण घ) पितृसत्तात्मक सोच ङ) माथिका सबै

१७. तपाईका विचारमा अब सहकारीलाई कसरी अगाडि लैजानुपर्छ ? छोटो विचार दिनुहोस् ।

.........................................................................................

१८. तपाईका विचारमा सहकारीले महिलालाई कसरी सशक्तिकरण गरेको छ ?

.........................................................................................

# अनुसूची २

**वैयक्तिक अध्ययनका लागि प्रश्नहरू**

१. उत्तरदाता र परिवारको पारिवारिक पृष्ठभुमि कस्तो रहेको छ ?

२. हाल कस्ता पेशा व्यवसाय गरेका छन् ?

३. सामाजिक, आर्थिक धारणा कस्तो छ ?

४. आर्थिक अवस्थामा परिवर्तन आउनुको मुख्य कारण के रहेछ ?

५. यो संस्थामा लालयित हुनुका कारण के हो ?

६. विगत र वर्तमानमा भएको परिवर्तनको अध्ययन गर्न ?

७. सामाजिक, साँस्कृतिक अवस्था कस्तो छ ?

८. उधमशिलताको विकास भयो कि भएन ?